प्रवासी नेपाली समाचार र दृष्टिकोण
VISHWA SANDESH Monthly
www.vishwanews.com

# विश्व सन्देश

| वर्ष १५ | अंक ८ | कात्तिक २०८२ | Vol 15 | Issue 8 | November, 2025 |




## राजनीतिक निराशाबीच नेपाली क्रिकेटको आशा

# उपाधिसँगै तेस्रो विश्वकप यात्रा



NRNA
Non-Resident Nepali Association

# एनआरएनए विवाद अन्त्यतर्फ

# Law Offices Of Chanda Thapa PLLC

*In Pursuit of Excellence*

260 W 35th Street, Floor 11, New York, NY 10001





**Attorney Chanda Thapa**

Name known and trusted in the community for over 15 years

क्षतिपूर्ति रकम प्राप्त नगरेसम्म तपाईले कुनै पनि कानुनी सेवा र परामर्श शुल्क बुझाउनु पर्दैन ।





**Attorney Eitan Magendzo**

Over 11 years of Experience in Personal Injury Cases

Millions recovered for clients





**ZAHID HOSSAIN**

LLM, NEW YORK USA

**NO FEE UNLESS YOU GET MONEY**

Injured working at construction site or Restaurants?

Injured while operating Uber or Lyft?

Injured while operating employer's motor vehicle?

Injured working in the supermaket or Store?

OR ANY OTHER INJURIES, FALL, ACCIDENTS, CALL US !

**INJURED?**

**FREE CONSULTATION !**

**CALL 24/7**

**(929) 707-8656**

**Please be advised that past results do not guarantee future results.**

This is an advertisement. If you need legal advice, please contact Law Office Of Chanda Thapa

**Dont't take chances, CALL US AT (929) 707-8656**

Email: info@chandalaw.com



# ASTORIA LIVE CHICKEN MEAT MARKET

Astoria Live Chicken and Meat market is the leading provider of to P qualtity halal meats in the motropolitan area. all of our meats are 100% all natural, farm raised and slaughtered by the Islamic law.

For more information visit our website:
www.astorialivepoultry.com

We accept food stamps

हामी खसीको रौं तातो पानीले खुइल्याएर आगोमा पोलेर पूरै सफा गर्छौं

*न्यूनतम ७५ डलरको अर्डरमा निशुल्क डेलिभरी

निशुल्क डेलिभरीको व्यवस्था

ताजा खसीको लागि सम्पर्क गर्नुहोस् ।

Open 7 Days a week 8AM - 7PM

**We have:**

- Live Chicken
- Live Fowl
- Live Rabbits
- Live Pigeons
- Live Guinea
- Live Ducks









31-37, 20th Ave Astoria, NY - 11105

CTC: (718) 777-7249, (718)777 - 9723, (718) 278 - 8915



## १६

## नेपालको भूराजनीतिक अवस्था र आगामी दिनहरू

नेपालको भूराजनीतिक अवस्था चुनौतीपूर्ण भए पनि अर्कातिर अत्यन्त अवसरपूर्ण छ । भारत र चीनबीचको सन्तुलन कायम राख्दै अन्तर्राष्ट्रिय शक्तिहरूसँग सहकार्य गर्दै र आन्तरिक स्थिरता कायम गर्न सके आगामी दशकमा नेपाल पर्यटन र खेल कूटनीतिमार्फत क्षेत्रीय सन्तुलन र सहयोगको केन्द्र बन्ने सम्भावना प्रबल छ ।

## १८

## एनआरएनए विवाद अन्त्यतर्फ




एनआरएनएको विवादको जरा राजनीतिकरणमा छ । संस्थालाई गैरराजनीतिक राख्ने उद्देश्य भए पनि नेपाली राजनीतिक दलहरूको प्रभाव बढ्दै गएको छ । नेपाली कांग्रेस, नेकपा (एमाले) र माओवादी केन्द्रका नेताहरूले आफ्ना समर्थकहरूलाई संस्थामा घुसाएर प्रभाव जमाउने प्रयास गरेका छन् ।

## डिडिएलजे : ३० वर्षपछि पनि जादु यथावत

## २२



मुम्बईको मराठा मन्दिरमा निरन्तर प्रदर्शन हुँदै आएको यो फिल्म १ हजार ५ सय हप्ताभन्दा बढी समयदेखि चलिरहेको छ । यसले एक समयको सुपरहिट एक्सन–थ्रिलर 'शोले'को कीर्तिमानलाई समेत पछि पारिसकेको छ ।



## २४

## सपनीमा नाचेको झुटो जिन्दगी

आज म मेरा भावनाहरू जो उफ्री–उफ्री मनबाट बाहिर प्रकट भइरहेका छन्, तिनीहरूलाई दबाउन सकिरहेको छैन । मन मस्तिष्क एकाग्रतामा छैन । जीवनको तथ्य उजागर गर्ने क्रममा पहिलो महान व्यक्तित्व भनेकै आमा र धर्ती रहेछन् । जसलाई जति कुल्चे पनि यो धर्तीले ऐय्या भन्दैन । त्यस्तै आमालाई जति सन्तानले दुःख दिए पनि उनको सन्तानप्रति कुनै गुनासो छैन ।



## २८

## चिनी : मुटु र दाँतको दुस्मन

सन् १८८५ बाट चिनीको प्रयोग कोकाकोलामार्फत सुरू भयो । त्योबेला कोकलाई 'ब्रेन टनिक' अर्थात् मस्तिष्क तीक्ष्ण पार्ने वस्तु भनेर गलत प्रचार गरियो । तर, जिब्रोको स्वादका लागि सेवन गरेको चिनी हानिकारक छ, यसले क्षणिक उत्तेजना दिए पनि दीर्घकालीन रूपमा भने मानव स्वास्थ्यमा असर पुऱ्याउँछ ।

## सुवासको संघर्ष र सफलता यात्रा

## ३२



सुवासको परोपकारी बानी इरानमै रहँदादेखि सुरू भएको हो । त्यतिबेला नेपाल फर्किंदा ठूलो रकम क्यास ल्याउनु पर्ने हुन्थ्यो । उनले ल्याएको पैसामध्ये केही रकम वीर अस्पतालमा गएर गरिब बिरामीको उपचारमा खर्च गर्थे । अहिले पनि शिक्षा, स्वास्थ्यदेखि विपद् व्यवस्थापनसम्म उनी सामाजिक काममा योगदान दिइरहेका छन् ।




Chairman
**Bijaya Ram Poudel**

Chief Editor
**Rosan Puri**

Chief Executive Officer (CEO)
**Yogesh Aadi**

Correspondent
**Kalpana Ghimire**
**Prabhat Bhattarai**

Administrator (Nepal)
**Sanjaya Poudyal**

Special Adviser
**Roshan Dhungana**
**Kedar Timilsina**

Columnist
**Kumar Neupane**

Layout / Graphics
**Shyam Syangba**

Publisher
**Vishwa Sandesh Newspaper Inc**

USA :
81-07 229th Street, Queens Village, NY 11427
Phone : (646) 750-3746, (646) 684-7444
Email : vishwosandesh@gmail.com
: vishwasandeshmedia@gmail.com

**Nepal** :
Budhanilkantha-11, Kathmandu, Nepal

सम्पादकीय...



# जेनजी आन्दोलन : अबको यात्रा

नेपालको राजनीतिक इतिहासमा जेनजी आन्दोलन एक महत्वपूर्ण अध्यायका रूपमा स्मरणीय रहनेछ । यो आन्दोलनले देशलाई मात्र होइन, लाखौं नेपालीको जीवनलाई स्मरणीय बनाएको छ । तर, सकारात्मकभन्दा नकारात्मक ढंगले यसको चर्चा-परिचर्चा भइरहेको छ । दर्जनौं कलिला युवा गोलीको सिकार भए, सयौं घाइते भए र अर्बौंको भौतिक संरचनामा क्षति पुग्यो । राजनीतिक दलका नेता, व्यवसायी लगायतका निजी सम्पत्तिमा लुटपाट र आगजनी भयो । सिंहदरबार, सर्वोच्च र संसद् अर्थात् राज्यका तीनवटै तहका प्रमुख भवनहरू तहसनहस भए ।

आन्दोलनको मूल माग भ्रष्टाचार नियन्त्रण, शासकीय स्वरूपमा प्रत्यक्ष निर्वाचित कार्यकारीको स्थापना र सुशासनको सुनिश्चितता थिए । तर, यी मागहरू पूरा नभई आन्दोलन केवल प्रधानमन्त्री परिवर्तनमा सीमित भयो । यो पर्याप्त छैन । आन्दोलनको रगतले लेखिएको यो इतिहासलाई न्याय दिने हो भने उत्तरदायित्वको घण्ट बजाउनै पर्छ । नेपाललाई फेरि एकपटक पुनर्निर्माणको बाटोमा डोऱ्याउनुपर्छ, तर यस पटक सिकाइसहित ।

जेनजी आन्दोलनका क्रममा भएको मानवीय क्षति अकल्पनीय छ । युवापुस्ताको उज्ज्वल भविष्य गोलीको धुवाँमा हरायो । तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री र जिम्मेवार निकायका प्रमुखहरूले कलिला युवालाई गोली हानेर हत्या गर्ने निर्णय लिए । यो नरसंहार हो । प्रहरीका केही सदस्यहरूको क्रूर हत्या र कुटपिट भयो । यस्ता अपराधीहरूलाई हदैसम्मको कारबाही गर्नुपर्छ । घटनामा संलग्नलाई उत्तरदायी बनाउने मात्र होइन, आन्दोलनको नाममा भएका लुटपाट र आगलागीका अपराधीहरूलाई पनि कडा सजाय दिनु आवश्यक छ । व्यक्तिका घरहरूमा लुटिएका सम्पत्ति, सार्वजनिक भवनको ध्वंश र हतियारहरूको चोरीले देशको कानूनी शासनलाई नै चुनौती दिएको छ ।

अहिले नेपालमा कानूनी शासनको अवस्था अत्यन्त कमजोर छ । प्रहरीको मनोबल खस्किएको छ । बल प्रयोगका घटनाहरू ठाउँठाउँमा देखा परिरहेका छन् । आन्दोलनका क्रममा जेलहरूबाट भागेका हजारौं कैदीबन्दी र लुटिएका हतियारहरू अहिले ठूलो सुरक्षा चुनौती बनेका छन् । यी फरार कैदीहरूले अपराधको सञ्जाल फैलाउने भयले समाजमा अस्थिरता थपेको छ । यसको प्रत्यक्ष असर नेपाली प्रवासीलाई परेको छ । युएई, साउदी अरब लगायतका देशहरूले नेपाली नागरिकलाई भिजिट भिसामा कडाइ गरेका छन् । वैदेशिक रोजगारीको ढोका साँघुरो हुँदा लाखौं परिवारको जीवन कष्टकर बनेको छ । यो अवस्थाले नेपालको अन्तर्राष्ट्रिय छवि धूमिल भएको छ ।

यसबाहेक, देशमा बेलाबेला हुने प्रदर्शनहरूले स्थिति झन् जटिल बनाएका छन् । एकअर्काविरुद्धका यस्ता क्रियाकलापले सामाजिक सद्भाव भत्काउँछन् र देशलाई विग्रहको बाटोमा धकेल्छन् । राजनीतिक दलहरूबीचको द्वन्द्व र असन्तुष्टिले विकासको गति रोक्छ । पुनर्निर्माणको नाममा भएका प्रयासहरू अपुरो छन् । आन्दोलनका पीडित परिवारहरू अझै न्यायको पर्खाइमा छन् । यो अवस्थाबाट मुक्ति पाउन अबको निकास चुनाव नै हो । निर्वाचनमार्फत उठेका मागहरूको सम्बोधन गर्न सकिन्छ । जेनजी आन्दोलनले उठाएका भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रत्यक्ष कार्यकारीको मुद्दाहरूलाई चुनावी एजेण्डामा स्थापित गर्नुपर्छ ।

सबै राजनीतिक दलहरूले चुनावका लागि तयारी गर्नुपर्छ । सरकारले सुरक्षाको पूर्ण प्रबन्ध गर्नुपर्छ ताकि निर्वाचन शान्तिपूर्ण र निष्पक्ष होस् । असन्तुष्टिका स्वरहरूलाई हिंसाबाट होइन, मतपत्रबाट सम्बोधन गर्न सकिन्छ । चुनावी अभियानलाई एजेन्डा केन्द्रित बनाउनुपर्छ, भ्रष्टाचारमुक्त नेपाल, उत्तरदायी शासन र पुनर्निर्माणको स्पष्ट ब्लुप्रिन्टसहित । यसले युवापुस्तालाई आशा दिनेछ र देशलाई स्थिरताको बाटोमा ल्याउनेछ । जेनजीको रगत व्यर्थ नजाओस् । निर्वाचनबाट न्याय र विकासको आधार तयार पारौं । यो समय एकताको हो, न कि विभाजनको । नेपालले अब फेरि उठ्न सक्छ, यदि हामी सबैले सँगै हातेमालो गऱ्यौं भने । ■

**रोसन पुरी**
प्रधान सम्पादक

**आन्दोलनका पीडित परिवारहरू अझै न्यायको पर्खाइमा छन् । यो अवस्थाबाट मुक्ति पाउन अबको निकास चुनाव नै हो । निर्वाचनमार्फत उठेका मागहरूको सम्बोधन गर्न सकिन्छ । जेनजी आन्दोलनले उठाएका भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रत्यक्ष कार्यकारीको मुद्दाहरूलाई चुनावी एजेण्डामा स्थापित गर्नुपर्छ ।**

# न्यूयोर्कमा गणेश–यशोधा स्वर्णिम साँझ २०२५ सम्पन्न




न्यूयोर्क । हिमालय सांस्कृतिक प्रतिष्ठान न्यूयोर्कको आयोजना र कवयित्री अनिता थापाको संयोजनमा क्वीन्सस्थित उडसाइड क्याफेमा सांगीतिक कार्यक्रम 'गणेश-यशोधा स्वर्णिम साँझ २०२५' सम्पन्न भएको छ । नेपाली सुगम संगीतका अनवरत साधक गणेश पराजुली र गायिका यशोधा पराजुलीको सामूहिक प्रस्तुति रहेको सांगीतिक माहोललाई प्रतिष्ठानका संरक्षक/अध्यक्ष अभय ढुङ्गेलले सञ्चालन र दर्शकश्रोतालाई स्वागत गर्दै सांगीतिक साँझ शुरू गरेको थियो ।

गायन तथा वाद्यवादकको लाइभ प्रस्तुति रहेको कार्यक्रमको प्रवेश शुल्क डिनरसहित ४० डलर राखिएको थियो । करिब ३ घण्टा दर्शकश्रोतालाई २५ भन्दा बढी प्रस्तुति दिएर श्रष्टाद्वयले कहिले रूवाउने र कहिले नचाउने पारेका थिए । तबलामा न्हुच्छे डंगोल, साउण्डमा राजेन्द्र राई, गिटारमा शिशिर श्रेष्ठ र हेमराज राई, हार्मोनियममा गायक पराजुली स्वयम् रहेको कार्यक्रममा नवगायिका निर्जला पराजुलीले दुई प्रस्तुति दिएकी थिइन् ।

कलाकारद्वयले कार्यक्रमको शुरूवात सदाबहार गीत 'लाग्दछ मलाई रमाइलो'बाट गरेका थिए । गायिका यशोधाले आफ्नै चर्चित गीत 'दिन ढल्यो अँधेरी रातमा...'ले माहोल तताएको थियो भने रचनाकार अनिता थापाको 'त्यो मुटुमा त मेरो आवाज पुग्दैन भने...' बोलको गीतले दर्शकश्रोतालाई भावुक बनाएको थियो । ■

# नास्डाकमा नेपालीको कम्पनीको कारोबार सुरू



वासिङ्टन डिसी । नेपाली मूलका व्यक्तिले स्थापना गरेको सूचना प्रविधिसम्बन्धी काम गर्ने फ्युजमेसिन्सले बिहीबारदेखि अमेरिकाको प्रतिष्ठित नास्डाक कम्पनीबाट स्टक कारोबार सुरू गरेको छ ।

नेपाली उद्यमी डा. समीर मास्केले स्थापना गरेको बौद्धिक कृत्रिमता (आर्टिफिसियल इन्टेलिजेन्स)सम्बन्धी काम गर्ने उक्त कम्पनीले दुई वर्षअगाडि गरेको 'मर्जर'पश्चात् बिहीबारदेखि फ्युज नामबाट धितोपत्र कारोबार गर्न सफल भएको हो । कम्पनीका संस्थापकसमेत रहेका डा. मास्केका अनुसार, नवीनतम सोच र अवधारणाले कम्पनीको सानो समूहबाट यो उपलब्धि हासिल गर्न सफल भएकामा आगामी दिनमा अझै व्यापक बनाउन हामीहरूलाई प्रेरित गर्नेछ ।

विश्वको प्रमुख वित्तीय साधन परिचालन गर्ने कम्पनीमा सूचीकृत भएर कारोबार गर्न पाउनु महत्वपूर्ण उपलब्धि भएको डा. मास्केले बताए । उक्त कम्पनीको स्टक कारोबारमा फ्युज नामले सूचीकृत छ ।

कम्पनीमा हाल ३ सय ५० कर्मचारीले काम गरिरहेको डा. मास्केले जानकारी दिए । त्यसमध्ये २ सय ६० जना नेपालमा कार्यरत छन् । यसैबीच नास्डाकले विज्ञप्ति प्रकाशित गर्दै सिएसएलएम एक्विजेसन कम्पनी र फ्युजमेसिन इन्कबीच साझेदारीसम्बन्धी प्रक्रिया पूरा भएको र बिहीबारदेखि नास्डाक पुँजीबजारमा कारोबार हुने उल्लेख गरेको थियो । योसँगै नेपालीले स्थापना गरेको कम्पनीले विश्वबजारमा प्रवेश पाएको छ भने लगानीकर्ताका लागि अवसरसमेत सृजना गरेको छ ।

कम्पनीको प्रमुख कार्यकारी अधिकृतमा डा. समीर मास्के र प्रमुख वित्त अधिकृतमा क्रिष्टिन च्याम्बर्स रहेका छन् । मर्जरपश्चात् कम्पनीको सञ्चालक समितिमा समीर मास्के, भरत क्रिस, टिम गोचर, सञ्जय श्रेष्ठ र सलमान आलम रहेका छन् । ■

# म्याग्दी समाजको देउसी–भैलो

न्यूयोर्क । म्याग्दी समाज न्यूयोर्क यूएसए इङ्कले तिहारको अवसर पारेर शुभकामना आदानप्रदान तथा देउसी–भैलो कार्यक्रम गरेको सम्पन्न गरेको छ । क्विन्सस्थित धर्म हाउसमा आयोजित कार्यक्रममा नेपालीहरूको उत्साहजनक सहभागिता रहेको थियो । हरेक वर्ष देउसी–भैलोबाट संकलित रकम म्याग्दी समाजले नेपालमा विभिन्न सामाजिक काममा सहयोग गर्दै आएको छ ।




समाजका अध्यक्ष तीर्थ घर्तीमगरले कर्मभूमिमा कला र संस्कृतिको निरन्तरताले नयाँ पुस्ताको समेत ध्यान तान्न सफल भएको बताए । कार्यक्रममा पूर्वअध्यक्ष भविन शेरपुञ्जा, मनप्रसाद रोका, रमेश तुलाचन, प्रेमा घर्ती, कर्णबहादुर रोका, याम पुन, प्रीतिमाया पुन, कमला पुन र एनआरएन न्यूयोर्क च्याप्टरका अध्यक्ष डण्डपाणी लामिछाने, मगर संघ अमेरिका केन्द्रका अध्यक्ष दिपसागर बुढामगर, मगर संघ न्यूयोर्क च्याप्टरका अध्यक्ष रत्नसिं गर्बुजा लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा दिलकुमारी गर्बुजाले म्याग्दीको मौलिक थाली नाच, गायक यामकुमार जुग्जालीले सालैजो भाकामा प्रस्तुति दिएका थिए । पूर्वअध्यक्ष रमेश तुलाचनको शब्द, शान्तिश्री परियार, बिलन थापाको स्वरमा रहेको समाजको स्वागत गीतको समेत विमोचन गरिएको थियो ।


देउसीभैलोबाट करिब २१ लाख नेपाली रूपैयाँ संकलन भएको बताइएको छ । सो रकम विभिन्न सामाजिक तथा विपद्जन्य कार्यमा खर्च गरिने कोषाध्यक्ष रामचन्द्र सापकोटाले जानकारी दिए । ■

# बाल्टिमोरमा गाईपूजा



बाल्टिमोर । मेरिल्याण्डको बाल्टिमोरमा रहेको हिन्दू बुद्ध मन्दिरमा गाई तिहार मनाएको छ । यस वर्ष मन्दिरमा गाई नै ल्याएर गाईपूजा गरिएको हो । हिन्दू बुद्ध मन्दिर तथा पर्वत समाज अमेरिकाको संयुक्त आयोजनामा गोवर्द्धन पूजा भव्य रुपमा मनाइएको छ । पर्वत समाज अमेरिकाका अध्यक्ष रबिन शर्माले नेपाली समुदायलाई आमन्त्रण गरेका थिए । मन्दिरले विगत ३ वर्षदेखि गाईका बाछीहरू ल्याई पूजा अर्चना गर्दै गाई तिहार मनाउँदै आएको छ । बाल्टिमोर क्षेत्रमा रहेका नेपाली समुदायले अमेरिकामा गाई तिहार मनाउन पाउँदा खुसी लागेको बताए । ■

# पोर्चुगलमा एक नेपाली युवा बेपत्ता



लिस्बन, पोर्चुगल । वैदेशिक रोजगारीका सिलसिलामा पोर्चुगल आएका एक नेपाली युवा बेपत्ता भएका छन् । तनहुँ, भानु नगरपालिका–९, पिपलपानी घर भई विगत दुई वर्षदेखि पोर्चुगल बस्दै आएका ३४ वर्षीय जितेन्द्र पाण्डे बेपत्ता भएका हुन् । पाण्डे गत साता सोमबारदेखि राजधानी लिस्बन नजिकैको सिन्ट्रा क्षेत्रबाट सम्पर्कविहीन भएको उनका साथी विदुर तामाङले जानकारी दिए । गत आइतबार राति तामाङको घरमा आएका पाण्डे साथीको फोन आयो भनेर गएका थिए । त्यसपछि पाण्डे सम्पर्कविहीन भएको तामाङले बताए ।

सँगै काम गर्ने साथीलाई आफ्ना लागि पनि खाना लगिदिन भनेका पाण्डे सोमबार काममै नगएपछि उनको खोजी गरिएको थियो । पाण्डेको खोजीका लागि रोजगारदातामार्फत मङ्गलबार नै स्थानीय प्रहरीलाई खबर गरिएको उनले बताए । पाण्डेको रेसिडेन्सी कार्ड, बैंक कार्ड र राहदानीका साथै सबै सामान उनी बस्ने कोठामै भेटिएको छ । पाण्डेको नेपालमा वृद्ध बुबाआमा र दिदीबहिनी छन् ।

पाण्डे बेपत्ता भएको खबर दूतावासलाई प्राप्त हुनासाथ तत्काल खोजबिनका लागि स्थानीय प्रहरी प्रशासनलाई खबर गरिएको पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले जानकारी दिएका छन् । ■

# नेपाली वेब सिरिज मन्कला सार्वजनिक



न्यूयोर्क । न्यु एनभिजन प्रोडक्सनले नेपाली वेब सिरिज मन्कला सार्वजनिक गरेको छ । यो सिरिज विदेशमा रहेका नेपाली समुदायको जीवन, संघर्ष र पहिचानको खोजीलाई प्रामाणिक रूपमा प्रस्तुत गर्ने महत्वाकांक्षी परियोजना भएको निर्माण पक्षले जानकारी दिएको छ । यो वेब सिरिज ओमराज राउत र प्रमोद विश्वकर्माको नेतृत्वमा निर्माण गरिएको हो ।

'मन्कला'ले न्यूयोर्कमा बसोवास गर्दै आएकी एक ३० वर्षीया नेपाली युवतीको कथा समेटेको छ । पारिवारिक अपेक्षा र आफ्नो स्वतन्त्रता तथा प्रेमको खोजीलाई वस्तुपरक ढंगले देखाइएको छ । सिरिजमा छुट्टै संस्कृतिबीच बाँचिरहेका प्रवासी नेपालीहरूको भावनात्मक द्वन्द्व, हाँसो, पीडा र खोजको यात्रालाई संवेदनशील र यथार्थपरक तरिकाले प्रस्तुत गरेको छ । ■

# दीपावली पर्वलाई विशेष सांस्कृतिक उत्सवको मान्यता

टेक्सस । नेपालीहरूको दोस्रो ठूलो पर्व दीपावलीलाई अमेरिकाको टेक्सस राज्यस्थित फोर्ट वर्थ सिटीले विशेष मान्यता प्रदान गरेको छ । फोर्ट वर्थ सिटी काउन्सिलको मङ्गलबार बसेको नियमित बैठकले दीपावली पर्वलाई सिटीको विशेष सांस्कृतिक उत्सवका रूपमा मान्यता प्रदान गरेको जनाइएको छ ।

सिटीले मान्यता प्रदान गरेसँगै अबदेखि हरेक वर्ष दिपावली पर्वलाई फोर्ट वर्थ सिटीको आधिकारिक सांस्कृतिक उत्सवका रूपमा मनाइने भएको सिटी काउन्सिलले जनाएको छ । बैठकमा सिटी प्रशासनको तर्फबाट काउन्सिल सदस्य डेबराह पिपल्सले दीपावलीलाई सहरको सांस्कृतिक विविधताको प्रतीकका रूपमा सम्मान गर्नुपर्ने प्रस्ताव पेस गरेका थिए । उक्त प्रस्तावलाई उपस्थित काउन्सिल सदस्यहरूले समर्थन जनाएको पिपल्सले जानकारी दिए ।

जिल्ला नं ५ की काउन्सिल सदस्य पिपल्सले सोसम्बन्धी सम्मानपत्र नेपाली समुदायका अगुवा तथा फोर्ट वर्थ सिटीका भवन मापदण्ड आयुक्त मोहन ज्ञवालीलाई हस्तान्तरण गरेका छन् । हस्तान्तरण कार्यक्रममा सिटी प्रमुख म्याटी पार्करले नेपाली समुदायको उज्यालो पर्व दीपावली-तिहारलाई धार्मिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण भन्दै सहरले यस पर्वलाई आधिकारिक रूपमा स्वीकार गरेको जानकारी दिएका छन् । उनले फोर्ट वर्थ




सिटी विविधता र सांस्कृतिक समृद्धिको उत्कृष्ट उदाहरण भएको र यसमा नेपाली समुदायको पनि विशेष योगदान रहेको चर्चा गरे ।

ज्ञवालीले सहर प्रशासनप्रति आभार व्यक्त गर्दै नेपालीहरूको सांस्कृतिक पर्वलाई मान्यता प्रदान गर्नु सम्पूर्ण नेपाली समुदायका लागि गौरवको विषय भएको बताए । कार्यक्रममा गोरखापत्र संस्थानका महाप्रबन्धक लाल ऐरी, नेपाली समाज टेक्ससका अध्यक्ष राजेन्द्र वाग्ले, नेपाल अमेरिका पत्रकार सङ्घका अध्यक्ष सुरज भण्डारी लगायतको उपस्थिति रहेको थियो । ■

# न्यूयोर्कमा सिन्धु दीपावली साँझ सम्पन्न



न्यूयोर्क । सिन्धु यूएसए वेलफेयर सोसाइटीले न्यूयोर्कमा सिन्धु दीपावली साँझ सम्पन्न गरेको छ । 'एजुकेसन फर लाइफ' भन्ने मूलनाराका साथ आयोजित कार्यक्रममा सोसाइटीले १५औं वार्षिकोत्सवसमेत मनाएको छ । न्यूयोर्क सिटी सभा सदस्य स्टभन रागा प्रमुख अतिथि, सिन्धु समाजका अध्यक्ष पासाङ नोर्बु शेर्पाको सभापतित्व र सिन्धु समाजका संस्थापक अध्यक्ष वंशलाल मोक्तानको विशेष आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो ।

न्यूयोर्कका विभिन्न लोकप्रिय कलाकारहरूको प्रस्तुतिका साथै दीपावली साँझ देउसीभैलो कार्यक्रमसहित भव्यरूपमा कार्यक्रम सम्पन्न भएको छ । त्यसैगरी, समाजसेवी श्याम कार्कीले नेपालस्थित सिन्धुपाल्चोकमा रहेको एक अनाथ बालकको उज्ज्वल भविष्यका लागि कक्षा १२ सम्मको निशुल्क शिक्षा प्रदान गर्ने घोषणा गरेका छन् ।

साथै, अक्टोबर १५ मा सम्पन्न सिन्धु दीपावली फूटबल कपका उपविजेता र विजेतालाई 'च्याम्पियन अफ दि इयर'को उपाधि टिम क्याप्टेनलाई हस्तान्तरण गरिएको थियो ।






## राजनीतिक निराशाबीच नेपाली क्रिकेटको आशा

# उपाधिसँगै तेस्रो विश्वकप यात्रा

■ सञ्जु पौडेल
काठमाडौं

राजनीतिक निराशाबीच नेपाली राष्ट्रिय क्रिकेट टिमले आम नागरिकलाई फेरि एक पटक खुसी थपेको छ । नेपालको राजनीतिक अस्थिरताको समयमै नेपाली क्रिकेट टोलीले टी-ट्वेन्टी विश्वकपमा स्थान पक्का मात्र गरेन, त्यसअघि दुई पटकको विश्वकप विजेता वेष्ट इण्डिजविरूद्धको सिरिज पनि २-१ ले जित्यो ।

नेपाली क्रिकेट टोलीले कठिन भूगोल र सीमित स्रोतसाधनका बीचमा अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो छुट्टै पहिचान बनाएको छ । सेप्टेम्बरमा शारजाह क्रिकेट मैदानमा भएको ऐतिहासिक जितले नेपाली क्रिकेटलाई विश्वव्यापी चर्चाको केन्द्रमा पुऱ्यायो । दुई पटकको ट्वान्टी-२० विश्वकप विजेता वेष्ट इण्डिजलाई पराजित गर्दै नेपालले पहिलो पटक कुनै पूर्ण सदस्य राष्ट्रविरूद्ध ट्वान्टी-२० सिरिज जितेको थियो ।

**नेपाली क्रिकेटको प्रगतिका मुख्य घटनाक्रम**

| वर्ष | घटना | विवरण र महत्व |
|---|---|---|
| १९४५ | नेपाल क्रिकेट संघको स्थापना | राणा शासनकालमा पद्म शमशेरको पहलमा स्थापित; क्रिकेटलाई अभिजात खेलबाट सामान्य बनाउने आधार । |
| १९८८ | अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को सम्बद्ध मान्यता प्राप्त | अन्तर्राष्ट्रिय स्तरमा प्रवेशको ढोका; पूर्वाधार विकासको सुरुवात । |
| १९९० | एसियाली क्रिकेट परिषद्को मान्यता प्राप्त | क्षेत्रीय प्रतिस्पर्धाको अवसर; एसियाली टोलीहरूसँग खेल्ने बाटो । |
| १९९६ | अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को एसोसिएट मान्यता प्राप्त | पूर्ण अन्तर्राष्ट्रिय सदस्यता; विश्व क्रिकेट लिगतर्फको यात्रा । |
| १९९६ | बंगलादेशविरूद्ध पहिलो अन्तर्राष्ट्रिय खेल | एसियाली क्रिकेट परिषद् ट्रफीअन्तर्गत; अनुभव प्राप्तिको सुरूवात। |
| १९९६ | जापानविरूद्ध पहिलो अन्तर्राष्ट्रिय जित | आत्मविश्वास बढाउने क्षण; युवा खेलाडीहरूको उदय । |
| २००० | एसियाली क्रिकेट परिषद् ट्रफीको सेमिफाइनलमा पुग्ने | युएईलाई हराएर फाइनल यात्रा; क्षेत्रीय स्तरमा स्थापित । |
| २००६ | एसियाली क्रिकेट परिषद् फास्ट ट्र्याक प्रतियोगिताको विजेता | अफगानिस्तानलाई फाइनलमा हराएर विश्व क्रिकेट लिग डिभिजन ५ तर्फ प्रवेश । |
| २०१० | अन्तर्राष्ट्रिय क्रिकेट परिषद् विश्व क्रिकेट लिग डिभिजन ५ को च्याम्पियन | जापानमा मलेसिया र केन्यालाई हराएर डिभिजन ४ तर्फ । |
| २०१२ | अन्तर्राष्ट्रिय क्रिकेट परिषद् विश्व क्रिकेट लिग डिभिजन ४ को च्याम्पियन | मलेसियामा डेनमार्कलाई हराएर डिभिजन ३ तर्फ । |
| २०१३ | पहिलो पटक ट्वान्टी२० विश्वकप क्रिकेटमा छनोट | अन्तर्राष्ट्रिय क्रिकेट परिषद् ट्वान्टी२० विश्वकप छनोटमा सफल; विश्व मञ्चतर्फको कदम । |
| २०१३ | अन्तर्राष्ट्रिय क्रिकेट परिषद् विश्व क्रिकेट लिग डिभिजन ३ को च्याम्पियन | बर्मुडामा अमेरिकालाई १०२ रनले हराएर एकदिवसीय मान्यता नजिक । |

पहिलो खेलमा १४८/८ को स्कोर बनाएर वेष्ट इण्डिजलाई १२९/९ मा रोकेर १९ रनले जित हासिल गरेको नेपालले दोस्रो खेलमा १७३/६ को मजबुत स्कोर बनाएर विपक्षीलाई मात्र ८३ रनमा समेट्यो । कुशल भुर्तेलको ४७ रन र ५ विकेटको शानदार प्रदर्शन तथा आसिफ शेखको नटआउट ६८ रनको योगदानले यो जित नेपालका लागि अविस्मरणीय बन्यो । तेस्रो तथा अन्तिम खेलमा भने नेपालले हार बेहोर्‍यो ।

यही अक्टोबर १५ मा नेपाल एसिया तथा पूर्वी एसिया प्रशान्त क्षेत्रीय छनोटको फाइनल चरणमा अपराजित रहँदै सन् २०२६ मा भारत र श्रीलंकामा आयोजना हुने ट्वान्टी-२० विश्वकपका लागि छनोट भयो । नेपालले अब तेस्रो पटक यो मेगा इभेन्ट अर्थात् टी-ट्वेन्टी विश्वकपमा सहभागिता जनाउनेछ । पहिलो पटक सन् २०१४ मा बंगलादेशमा र दोस्रो पटक सन् २०२४ मा वेष्ट इण्डिज तथा अमेरिकामा सहभागी भएको नेपालको यो यात्रा दशकौं लामो संघर्षको फल हो । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आईसीसीका अनुसार, यो छनोटले नेपाललाई २० टोलीमध्ये एक बनाएको छ, जसले नेपाली क्रिकेटको उन्नतिको संकेत गरेको छ ।

एकदिवसीय मान्यता प्राप्त गरेपछि नेपाल अन्तर्राष्ट्रिय क्रिकेट परिषद् क्रिकेट विश्वकप लिग-२ मा खेलिरहेको छ । अहिले पनि निरन्तर लिगका खेलहरू भई नै रहेका छन् । सन् २०१८ मा नेपालले एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेपछि त्यसलाई जोगाइरहेको छ । २०२३ मा लिग-२ मा तेस्रो स्थान हासिल गरेको नेपालले अब एकदिवसीय विश्वकप २०२७ को छनोटको लागि प्रयासरत छ । हालका खेलहरूमा नेपालले राम्रो प्रदर्शन गर्दै आफ्नो स्थान मजबुत बनाइरहेको छ । यो प्रगतिले नेपाली क्रिकेटलाई मात्र होइन, सम्पूर्ण राष्ट्रलाई एकताको सन्देश दिएको छ । लाखौं नेपाली समर्थकहरूले यो खेललाई राष्ट्रिय गौरवको प्रतीक बनाएका छन् ।

### संघर्षपूर्ण इतिहास

नेपाली क्रिकेटको यो उन्नति कुनै रातारात भएको होइन । सन् १९४५ मा क्रिकेट एसोसिएसन अफ नेपाल क्यानको स्थापनाबाट सुरू भएको यो यात्रा आज अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को एसोसिएट सदस्यतासम्म पुगेको छ । सीमित पूर्वाधार, आर्थिक अभाव र राजनीतिक अस्थिरताका बाबजुद नेपाली खेलाडीहरूको दृढताले यो सम्भव भएको हो ।

नेपाली क्रिकेटको पछिल्लो सफलतालाई विभिन्न देशका चर्चित

**नेपाली क्रिकेटको प्रगतिका मुख्य घटनाक्रम**

| वर्ष | घटना | विवरण र महत्व |
|---|---|---|
| २०१४ | अन्तर्राष्ट्रिय क्रिकेट परिषद् विश्व क्रिकेट लिग डिभिजन ३ को दोस्रो च्याम्पियनशिप | लगातार सफलता; पूर्वाधार र प्रशिक्षणमा सुधार । |
| २०१४ | पहिलो पटक ट्वान्टी२० विश्वकप क्रिकेटमा सहभागी | बंगलादेशमा अफगानिस्तान र हङकङसँग प्रतिस्पर्धा; विश्वव्यापी चर्चा । |
| २०१८ | पहिलो पटक एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता प्राप्त | अन्तर्राष्ट्रिय क्रिकेट परिषद्बाट ६ एसोसिएटमध्ये एक; पूर्ण एकदिवसीय मान्यता । |
| २०१८ | नेदरल्यान्ड्ससँग पहिलो एकदिवसीय सिरिज | १-२ ले हार; एकदिवसीय अनुभवको सुरुवात । |
| २०२३ | दोस्रो पटक ट्वान्टी२० विश्वकप क्रिकेटमा छनोट | एसिया तथा पूर्वी एसिया प्रशान्त क्षेत्र छनोटमा सफल; सन् २०२४ को विश्वकप यात्रा । |
| २०२३ | एसियाली क्रिकेट परिषद् प्रिमियर कप क्रिकेटको च्याम्पियन | काठमाडौंमा युएईलाई १० विकेटले हराएर उपाधि । |
| २०२३ | पहिलो पटक एसियाकप क्रिकेटमा प्रतिस्पर्धा | भारत र पाकिस्तानसँग खेल; उच्चस्तरीय अनुभव । |
| २०२३ | अन्तर्राष्ट्रिय क्रिकेट परिषद् लिग २ क्रिकेटमा तेस्रो स्थान, एकदिवसीय मान्यता कायम | राम्रो प्रदर्शन; एकदिवसीय विश्वकप छनोटतर्फको प्रगति । |
| २०२४ | दोस्रो पटक ट्वान्टी२० विश्वकप क्रिकेटमा सहभागी | वेष्ट इण्डिज र अमेरिकामा नेदरल्यान्ड्सलाई हराएर सुपर ८ नजिक । |
| २०२५ | वेष्ट इण्डिजविरूद्ध ट्वान्टी२० अन्तर्राष्ट्रिय सिरिज विजेता | २-१ ले जित; पहिलो पटक पूर्ण सदस्यविरूद्ध द्विपक्षीय सिरिज उपाधि । |
| २०२५ | ट्वान्टी२० विश्वकप २०२६ को लागि छनोट | एसिया तथा पूर्वी एसिया प्रशान्त क्षेत्र छनोटमा अपराजित; तेस्रो पटक सहभागिता सुनिश्चित । |

क्रिकेटरहरूले पनि प्रशंसा गरेका छन् । दक्षिण अफ्रिकी लेजेन्ड एबी डी भिलियर्सले नेपाललाई अद्भूत र भयानक टोली भनेका छन् । भारतीय कप्तान रोहित शर्माले सन् २०२३ को एसियाकपमा नेपालको बलिङ आक्रमणलाई असाधारण भनेका थिए । यी दुई मात्र होइन, विभिन्न देशका अन्य खेलाडीले पनि नेपालको प्रदर्शनलाई राम्रो भनेर टिप्पणी गरेका छन् । यी टिप्पणीहरूले नेपाली क्रिकेटको विश्वसनीयता थप बढेको छ । नेपाली क्रिकेटको अन्तर्राष्ट्रिय चर्चा-परिचर्चा बढ्दै गएको छ ।

विश्वसन्देशले यस पटक नेपाली क्रिकेटको विस्तृत इतिहास, मुख्य प्रतियोगिता तथा घटनाक्रमको तालिका, अन्तर्राष्ट्रिय टिप्पणीहरू र भविष्यका सम्भावनाहरू समेट्ने प्रयास गरेको छ । नेपाली क्रिकेटको यो कथा खेलाडीहरूको मात्र होइन, समर्थक, प्रशिक्षक र नेपाल क्रिकेट संघको पनि हो, जसले नेपाललाई क्रिकेटको अन्तर्राष्ट्रिय नक्सामा स्थापित गरेका छन् ।

**क्रिकेट इतिहास : १९४५–१९९०**

नेपाली क्रिकेटको जरा ब्रिटिश उपनिवेशवाद र राणा शासनसँग जोडिएको छ । सन् १९४५ मा, तत्कालीन राणा प्रधानमन्त्री पद्म शमशेर जबराले क्रिकेटलाई प्रोत्साहित गर्न नेपाल क्रिकेट संघको स्थापना गरे । यो समयमा क्रिकेट मुख्य रूपमा दरबार र अभिजात वर्गको मनोरञ्जन थियो ।

भारतीय र ब्रिटिश अधिकारीहरूसँग मैत्रीपूर्ण खेलहरू खेल्न यो सुरु भएको थियो । पहिलो मैदान काठमाडौंको त्रिभुवन सदनमा थियो, जसलाई पछि पुल्चोक र फूलबारीमा स्थानान्तरण गरियो । नेपाल क्रिकेट संघको स्थापनाले क्रिकेटलाई संगठित गर्‍यो, तर यो अभिजात खेल नै रह्यो । राणाहरूले यसलाई राजनीतिक सम्बन्ध विस्तारको माध्यम बनाए ।

सन् १९५१ मा प्रजातन्त्रको प्राप्तिपछि क्रिकेटमा परिवर्तन आयो । लोकतन्त्रले खेललाई सामान्य जनतासम्म पुर्‍यायो । ब्रिटिश गुरखा रेजिमेन्टका सिपाहीहरूले नेपाली युवाहरूलाई क्रिकेट सिकाए । सन् १९५० को दशकमा स्थानीय क्लबहरू जस्तै नेपाल पुलिस क्लब, आर्मी क्लब र एभरेष्ट क्लबको उदय भयो । यी क्लबहरूले युवा प्रतिभाहरूलाई प्रशिक्षण दिन थाले । तर, पूर्वाधारको अभावले प्रगति ढिलो भयो । काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नजिकैको मैदान मात्र थियो, जसमा वर्षा र धुलोले समस्या पारिरहेको हुन्थ्यो ।

सन् १९६० को दशकमा नेपाल क्रिकेट संघले अन्तर्राष्ट्रिय सम्बन्ध बढायो । सन् १९६८ मा अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को एफिलिएट मान्यता पाएपछि (केही स्रोतमा १९८८ भनिए पनि, प्रारम्भिक सम्बन्ध १९६८ बाट) नेपालले क्षेत्रीय खेलहरूमा भाग लिन थाल्यो । तर, आधिकारिक एफिलियट मान्यता १९८८ मा नै हो । यो मान्यताले




नेपाललाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को वार्षिक प्रतिवेदनमा समावेश गऱ्यो । सन् १९९० मा एसियाली क्रिकेट परिषद्को पूर्ण सदस्य बन्दा नेपालले क्षेत्रीय टुर्नामेन्टहरू जस्तै एसियाली क्रिकेट परिषद् ट्रफीमा भाग लिने अवसर पायो ।

यो अवधिमा चुनौतीहरू पनि थिए । राजनीतिक अस्थिरता, जस्तै पञ्चायती व्यवस्था र १९९० को जनआन्दोलनले क्रिकेटलाई प्रभावित गऱ्यो । नेपाल क्रिकेट संघमा आन्तरिक कलह पनि थियो । तथापि, युवा खेलाडीहरूको उत्साहले क्रिकेटलाई जीवन्त राख्यो । सन् १९८० को दशकमा हङकङ र सिंगापुरसँग मैत्रीपूर्ण खेलहरूले अनुभवले नेपाली क्रिकेट टोलीलाई थप ऊर्जा दियो । अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को सहयोगमा कोचिङ क्लिनिकहरू सुरू भए, जसले बलर र ब्याट्सम्यानहरू तयार भए । यो अवधिले नेपाली क्रिकेटका लागि अन्तर्राष्ट्रिय सफलताको जग बसायो ।

**१९९६–२००० : अन्तर्राष्ट्रिय यात्राको सुरूवात**

सन् १९९६ अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को एसोसिएट सदस्य बन्दा नेपाली क्रिकेटको नयाँ अध्याय सुरू भयो । यो वर्ष नै एसियाली क्रिकेट परिषद् ट्रफीअन्तर्गत बंगलादेशविरूद्ध पहिलो अन्तर्राष्ट्रिय खेल भयो । काठमाडौंमा भएको यो खेलमा नेपालले १७५ रनको लक्ष्य पछ्याउँदै १७३/८ बनायो र २ विकेटले हाऱ्यो । यो हारले खेलाडीहरूलाई अन्तर्राष्ट्रिय दबाबको अनुभव दियो । सोही वर्ष जापानविरूद्ध भएको खेलमा नेपालले पहिलो जित हासिल गऱ्यो । १६३ रनको लक्ष्यलाई १६४/७ बनाएर नेपालले ३ विकेटले जितेको थियो । यो जितले नेपाली टोलीमा आत्मविश्वास भर्ने काम गऱ्यो ।

सन् २००० मा एसियाली क्रिकेट परिषद् ट्रफीको सेमिफाइनल पुग्दै नेपालले क्षेत्रीय स्तरमा आफ्नो स्थान बनायो । युएईविरूद्ध सेमिफाइनलमा २ विकेटको रोमाञ्चक जित हासिल गर्दै फाइनलमा पुग्यो, तर मलेसियासँग १० रनले हाऱ्यो । यो प्रदर्शनले नेपाललाई एसियाली क्रिकेट परिषद्को नक्सामा स्थापित गऱ्यो । यो चरणमा युवा खेलाडीहरू, जस्तै- पारस खड्का र शरद भेषवाकरको उदय भयो, जो पछि राष्ट्रिय टोलीको आधार बने । एसियाली क्रिकेट परिषद्ले नेपाललाई कोचिङ र उपकरण सहयोग दियो, जसले बलिङ आक्रामक बन्यो ।

यो दशकमा नेपालले हङकङ, मलेसिया र सिंगापुर जस्ता टोलीहरूसँग नियमित खेल्यो । सन् १९९८ को एसियाली क्रिकेट परिषद् ट्रफीमा क्वार्टरफाइनलसम्म पुग्दै नेपालले आफूलाई अब्बल बनायो । तर, पूर्वाधारको अभावले घरेलु मैदानमा अभ्यास कठिन थियो । मूलपानी अन्तर्राष्ट्रिय क्रिकेट मैदानको निर्माणको सुरूवात यो समयमा भयो, जसले पछि महत्वपूर्ण भूमिका खेल्यो ।

**एसीसी र आईसीसीको यात्रा (२००१–२००९)**

सन् २००६ मा एसियाली क्रिकेट परिषद् फास्ट ट्र्याक प्रतियोगिताको उपाधि जित्दै नेपालले ठूलो सफलता हासिल गऱ्यो । सिंगापुरमा भएको यो प्रतियोगितामा हङकङ, मलेसिया र अफगानिस्तानलाई हरायो । फाइनलमा अफगानिस्तानलाई ८ विकेटले हराएको थियो । यो जितले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् विश्व क्रिकेट लिग डिभिजन ५ तर्फ बाटो खोल्यो । नेपाल क्रिकेट संघका अनुसार, यो सफलताले नेपालमा क्रिकेटको लोकप्रियता बढायो र दर्शक संख्या द्रुतगतिमा बढ्ने देशको सूचीमा नेपाल अग्रपंक्तिमा आयो ।

विश्व क्रिकेट लिगको यात्रा चुनौतीपूर्ण रह्यो । सन् २००५ को एसियाली क्रिकेट

परिषद् ट्रफीमा सेमिफाइनल पुग्दै नेपालले आफ्नो क्षमता देखायो । तर, डिभिजन ५ मा पुग्नका लागि सन् २०१० सम्मको समय लाग्यो । यो दशकमा अन्तर्राष्ट्रिय क्रिकेट परिषद्ले नेपाललाई विकास कार्यक्रमअन्तर्गत सहयोग दियो, जसमा युवा एकेडेमीहरू समावेश थिए । सन् २००७ को एसियाली क्रिकेट परिषद् ट्वान्टी-२० कपमा नेपालले राम्रो प्रदर्शन गर्‍यो, तर फाइनलमा पुग्न सकेन । अफगानिस्तानको उदयले नेपाललाई कडा प्रतिस्पर्धी फेला पर्‍यो ।

यो अवधिमा महिला क्रिकेट पनि सुरू भयो । सन् २००७ मा एसियाली क्रिकेट परिषद् महिला ट्रफीमा सहभागिता जनाएर नेपालले लैङ्गिक समावेशिता देखायो । घरेलु स्तरमा नेपाल प्रिमियर लिगको आधार तयार भयो । राजनीतिक द्वन्द्व (माओवादी विद्रोह)ले प्रभाव पारे पनि क्रिकेटले शान्तिको सन्देश दियो ।

**२०१० : एकदिवसीय मान्यता**

सन् २०१० मा विश्व क्रिकेट लिग डिभिजन ५ को च्याम्पियन बन्दै नेपालले डिभिजन ४ तर्फ प्रवेश गर्‍यो । जापानमा भएको टुर्नामेन्टमा मलेसिया र केन्यालाई हरायो । फाइनलमा केन्यालाई १५ रनले जितेको थियो । यो सफलताले एकदिवसीय अन्तर्राष्ट्रिय मान्यताको सपना नजिक ल्यायो । सन् २०१२ मा डिभिजन ४ को उपाधि जित्दै डिभिजन ३ तर्फ उक्लियो । मलेसियामा डेनमार्कलाई ६ विकेटले हराएको थियो । कप्तान पारस खड्काको १०० रनको इनिङ्स अविस्मरणीय रह्यो ।

सन् २०१३ मा डिभिजन ३ को च्याम्पियन बन्दै एकदिवसीय नजिक पुग्यो । बर्मुडामा अमेरिका र क्यानाडालाई हराएर फाइनलमा अमेरिकालाई १०२ रनले जित्यो । सोही वर्ष ट्वान्टी-२० विश्वकप छनोट गर्दै सन् २०१४ को विश्वकपमा सहभागिता सुनिश्चित गर्‍यो । बंगलादेशमा भएको पहिलो ट्वान्टी-२० विश्वकपमा नेपालले बलियो अफगानिस्तानलाई पनि हराउन सफल भयो । त्यसबेला नेपालले हङकङलाई पनि ८० रनले पराजित गर्‍यो । बंगलादेशसँग राम्रो खेल्यो । यो सहभागिताले विश्वव्यापी चर्चा पायो ।

सन् २०१४ मा डिभिजन ३ को दोस्रो उपाधि जित्दै प्रगति कायम राख्यो । सन् २०१८ मा अन्तर्राष्ट्रिय क्रिकेट परिषद्ले ६ एसोसियटलाई एकदिवसीय मान्यता दिँदा नेपाल समावेश भयो । नेदरल्याण्ड्ससँगको पहिलो एकदिवसीय सिरिजमा १-२ ले हार्‍यो । यो दशकमा सन्दीप लामिछाने जस्ता स्टारहरू उदाए । तर, अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को निलम्बन (२०१६) मा पर्‍यो । छिट्टै सन् २०१७ मा हट्दा नेपाली क्रिकेट टोली खेलमै व्यस्त थियो । यो अवधिले नेपाली क्रिकेटलाई परिपक्व बनायो ।

**२०२० : चामत्कारिक दशक (२०२०-२०२५)**

सन् २०२३ मा दोस्रो ट्वान्टी२० विश्वकप छनोट गर्दै नेपालले सन् २०२४ को विश्वकपमा भाग लियो । वेष्ट इण्डिज र अमेरिकामा राम्रो प्रदर्शन रह्यो । लगत्तै एसियाली क्रिकेट परिषद् प्रिमियर कप जित्दै युएईलाई १० विकेटले हरायो । पहिलो एसियाकपमा भारत र पाकिस्तानसँग खेल्दै अन्तर्राष्ट्रिय मञ्चमा उच्च खालको अनुभव प्राप्त गर्‍यो । लिग २ मा तेस्रो हुँदै एकदिवसीय स्थिति कायम राख्यो ।

> पूर्वाधार अभाव, राजनीतिक हस्तक्षेप र मौसमले नेपाली क्रिकेटलाई बेलाबेलामा चुनौती दिएको छ । नेपाल क्रिकेट संघले नयाँ मैदानहरू बनाउँदै छ । भविष्यमा एकदिवसीय विश्वकप २०२७ र ट्वान्टी२० विश्वकप २०२६ ले नयाँ अवसर दिनेछ ।

सन् २०२४ को ट्वान्टी-२० विश्वकपमा राम्रो सुरूवातपछि चुनौती आयो, तर यसले टोलीलाई मजबुत बनायो । सन् २०२५ को वेष्ट इण्डिजविरूद्धको टी-ट्वेन्टी सिरिज जितले इतिहास रच्यो । दोस्रो खेलमा वेष्ट इण्डिजलाई ९० रनले हराउँदै सिरिज निश्चित गर्‍यो । ओमान पुगेर विश्वकप छनोट खेलेको नेपाली टोलीले अपराजित रहँदै ट्वान्टी-२० विश्वकप २०२६ का लागि छनोट भयो ।

**अन्तर्राष्ट्रिय क्रिकेटरको सकारात्मक टिप्पणी**

नेपाली क्रिकेटको प्रगतिले विश्वका शीर्ष क्रिकेटरहरूलाई प्रभावित गरेको छ । दक्षिण अफ्रिकी लेजेन्ड एबी डी भिलियर्सले सन् २०२५ मा वेष्ट इण्डिजविरूद्धको सिरिज जितपछि नेपाललाई अद्भूत र भयानक टोली भने । उनले भने, 'नेपाल एक धेरै खतरनाक टोली हो । सन्दीप लामिछाने जस्ता प्रतिभाशाली खेलाडीहरू आउँछन्, र उनीहरूको तीव्र उन्नतिले मलाई प्रभावित गरेको छ ।' यो टिप्पणीले नेपालको क्षमताको अन्तर्राष्ट्रियरूपमा चर्चा परिचर्चा भयो ।

भारतीय कप्तान रोहित शर्माले सन् २०२३ को एसिया कपमा नेपालको बलिङलाई असाधारण भने । उनले भने, 'नेपालले राम्रोसँग बलिङ गर्‍यो, हामीले दबाब महसुस गर्‍यौं ।' पाकिस्तानी कप्तान बाबर आजमले पनि सन् २०२३ मा नेपालविरूद्ध शतक बनाएपछि टोलीको क्षमताको प्रशंसा गरे । उनले भने, 'नेपाल एक उदीयमान शक्ति हो, उनीहरूले हामीलाई कडा प्रतिस्पर्धा देखाए ।' यी टिप्पणीहरूले नेपाली क्रिकेटको विश्वव्यापी सम्मान बढाएका छन् ।

पूर्वाधार अभाव, राजनीतिक हस्तक्षेप र मौसमले नेपाली क्रिकेटलाई बेलाबेलामा चुनौती दिएको छ । नेपाल क्रिकेट संघले नयाँ मैदानहरू बनाउँदै छ । भविष्यमा एकदिवसीय विश्वकप २०२७ र ट्वान्टी२० विश्वकप २०२६ ले नयाँ अवसर दिनेछ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद्को सहयोगमा युवा विकास कार्यक्रम चलिरहेको छ । त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानको काम अन्तिम चरणमा छ । निजी क्षेत्रबाट रूपन्देहीमा विनोद कुँवरले एक अर्को अन्तर्राष्ट्रिय क्रिकेट मैदान तयार भइसकेको छ । चितवनमा निर्माणाधीन मैदान बनाउने काम चलिरहेको छ । त्यस्तै, काठमाडौंको मूलपानीमा रहेका दुई मैदानलाई छिट्टै सम्पन्न गर्नेगरी काम चलिरहेको छ । यसले नेपाली क्रिकेटलाई ठूलो योगदान दिनेछ । ■

Hillside Toyota

HILLSIDE AVE

QUEENS BLVD

TOYOTA


TITAN MOTOR GROUP

# Outstanding Experience from Start to Finished



## We Sale Brand New Vehicles & Pre-owned Vehicles

**We Deal with New & Used Cars/TLC**




**TEL: 718-657-5500 ext.2197**
**139-65 Queens Boulevard**
**Jamaica NY 11435**

- Free NYS inspections for the life of your Vehicle
- One year of free oil changes
- Loaner car while you service your vehicle
- Free key replacement for lost keys for 1 year
- Veicle paint and fabric sealant on every vehicle



**Mr. Raja Ghimire**
Fleet Specialist
(646) 584-0674

# 1 Fleet Dealership in East Coast (Uber Driver statement)

# 1 TOYOTA Dealer of New Car & CPO Sales, in the NYC 5 Borough

समस्त नेपाली Community का लागि विशेष Summer Sales event in

**Hillside TOYOTA**



सुधा उप्रेती

# रगतले भिजेको जुत्ता

सडकभरि धुवाँ थियो,
नारा थिए, आँशु र क्रोध मिसिएको ।
झण्डा हल्लिँदै थियो,
तर एक कुनामा
शान्त भएर लत्रिएको त्यो
एउटा जुत्ता ।

नयाँ जस्तो देखिने,
सोल चम्किरहेको
तर भिजेका रक्त दागहरू
अर्धखुला लेसहरू
सुनाउँदै थियो आफ्नो कथा ।

'म यहाँ कसरी आइपुगें ?'
जुत्ताले प्रश्न गऱ्यो,
तर उत्तर हावाले मात्र दियो
टुटेका स्वरहरू,
'समानता ! स्वतन्त्रता !'को प्रतिध्वनि ।

जेन-जेडका छोराछोरीहरू
सडकमा इतिहास लेख्दै थिए,
मोबाइलको फ्ल्यासमा
क्रान्तिको मुटु धड्किँदै थियो ।
उनीहरू टिकटकभन्दा छिटो
र ट्वीटभन्दा गहिरो
सत्य बोलिरहेका थिए ।

जुत्तामा परेको रगत
केवल घाउको प्रतिविम्ब होइन,
भोलिको संकेत हो
त्यो रक्तरङ्
भविष्यले मागेको बलिदान हो ।

सायद त्यो जुत्ता
कुनै छोरीले लगाएकी थिइन्,
जो भन्थिन्
'मेरो स्वर चुप गराउन सक्दैनन् ।'
वा सायद त्यो छोरोको थियो,
जो भन्थ्यो
'डरले मलाई रोक्दैन ।'

तर आज
जुत्ता मात्र बाँकी छ,
मालिक कतै अस्पतालमा होला,
वा अझै सडकमा
नारा लगाइरहेको होला ।

इतिहासका किताबमा
पानाहरू पल्टिँदा
जब यो क्षण सम्झिनेछ,
मानिसहरू लेख्नेछन्
'एउटा जुत्ता भेटियो,
रगतले भिजेको,
तर त्यसैसँगै
एक पुस्ताको साहस पनि भेटियो ।' ■



# नेपालको भूराजनीतिक अवस्था र आगामी दिनहरू



**कुमार न्यौपाने**
हाल : न्युयोर्क

नेपालको भूराजनीतिक अवस्था चुनौतीपूर्ण भए पनि अर्कातिर अत्यन्त अवसरपूर्ण छ । भारत र चीनबीचको सन्तुलन कायम राख्दै अन्तर्राष्ट्रिय शक्तिहरूसँग सहकार्य गर्दै र आन्तरिक स्थिरता कायम गर्न सके आगामी दशकमा नेपाल पर्यटन र खेल कूटनीतिमार्फत क्षेत्रीय सन्तुलन र सहयोगको केन्द्र बन्ने सम्भावना प्रबल छ ।

नेपाल दक्षिण एसियाको मुटुमा अवस्थित एउटा भूपरिवेष्ठित देश हो, जसले आफ्नो इतिहासलाई प्राचिनकालदेखि दरिलो तरिकाले लेख्दै आएकोमा दुईमत छैन । तर, आजको विश्वमा जसको भूराजनीतिक स्थिति अत्यन्त संवेदनशील र रणनीतिक रूपमा महत्वपूर्ण बन्दैछ । उत्तरमा चीन र दक्षिणमा भारत जस्ता दुई विशाल राष्ट्रबीच रहेको नेपाल सधैं क्षेत्रीय सन्तुलन, कूटनीतिक कौशल र राष्ट्रिय हितबीचको सम्बन्धलाई मसिनो डोरीले अड्याउँदै आएको छ ।

### भूराजनीतिक पृष्ठभूमि

इतिहास हेर्दा नेपाल आफ्नो स्वतन्त्रता र पहिचानलाई टिकाइराखेको स्वाधिन मुलुक हो । इतिहासदेखिको स्वाधिनतालाई जोगाइराख्न विशेषगरी भारत र चीनबीच सन्तुलनको नीति अपनाउँदै आएको छ ।

भारतीय उपमहाद्वीपमा बेलायती उपनिवेश पश्चातको पश्चिमासँगको नजिक–टाढाको सम्बन्ध अनि छिमेकहरूसँगको कोशी, गण्डक र महाकाली जस्ता सन्धिहरूदेखि पछिल्लो 'बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई)' चीन र भारतसँगका व्यापारिक निर्भरता र यी सबैले नेपालको परराष्ट्र नीतिलाई प्रभावित गर्दै आएका छन् ।

भारतसँगको खुला सिमाना, सांस्कृतिक समानता र आर्थिक सम्बन्धले नेपाललाई दक्षिणतर्फ बढी निर्भर बनाएको छ भने चीनसँगको सम्बन्ध पछिल्ला वर्षहरूमा रणनीतिक रूपमा मजबुत बन्दै गएको छ । चीनले नेपालको पूर्वाधार, ऊर्जा, राजनीति र यातायात सञ्जालमा लगानी बढाउँदै गर्दा भारतले पनि आफ्नो प्रभाव कायम राख्न सक्रिय कूटनीति अपनाइरहेको छ र कतै न कतै दुईबीच एकले अर्कोलाई नकार्ने कार्यले एयरपोर्ट लगायतका परियोजना सञ्चालनमा अवरोध आएको छ ।

### वर्तमान अवस्था

हालको विश्व राजनीतिक परिवेशमा शक्ति–सन्तुलन फेरिँदैछ । अमेरिका, चीन, भारत र रूसबीचको प्रतिस्पर्धाले साना मुलुकहरूलाई नयाँ अवसर र चुनौती दुवै सिर्जना गरिरहेको छ । नेपालका लागि यो अवसर पनि हो, चुनौती पनि हो ।

नेपालले हाल अमेरिकासँग 'मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)' परियोजना, चीनसँग बीआरआई र भारतसँग ऊर्जा तथा व्यापार सन्धिमार्फत सम्बन्ध विस्तार गरेको छ । तर, यी सबै सम्झौताहरूभित्र भूराजनीतिक तानातान पनि रहेको छ । नेपालको भौगोलिक अवस्थितिको उपादेयता विश्व शक्तिको नजरमा थियो र रहिरहनेछ । नेपालको भूमि कुनै पनि छिमेकीको विरूद्धमा प्रयोग हुन सक्दैन, यो नीतिगत विषय हो ।

### चुनौतीहरू र सम्भावना

नेपालको सबैभन्दा ठूलो चुनौती भनेको आन्तरिक राजनीतिक अस्थिरता हो ।



स्थायी नीति र राष्ट्रिय हितमा आधारित दीर्घकालीन रणनीति बनाउन सरकारहरू असफल भइरहेका छन् । राजनैतिक दलहरू र तिनका नेताहरूको अहम्, दम्भ र अकर्मण्यताले राष्ट्रले युग सुहाउँदो गति र दिशा लिन सकिरहेको थिएन, त्यसैको प्रतिफलको रूपमा आएको पछिल्लो पुस्ता (जेन-जी)को आन्दोलनले सही बाटो हिंड्न सबैलाई झकझक्याएको छ ।

तर, अर्कोतिर भूगोलकै कारण नेपालले क्षेत्रीय ट्रान्जिट हब बन्ने, जलविद्युत् निर्यात गर्ने र दक्षिण एसियाको कूटनीतिक सन्तुलनकर्ता बन्ने ठूलो सम्भावना बोकेको चाहिं छ । यदि नेपालले व्यावहारिक कूटनीति, आर्थिक आत्मनिर्भरता र स्थायी राजनीतिक प्रणाली विकास गर्न सके निकट भविष्यमा नेपाल दक्षिण एसियाको स्थिर र प्रभावशाली राष्ट्र बन्न सक्छ ।

**आगामी दिनहरू**

आगामी दिनहरूमा नेपालको भूराजनीतिक नीति बहुपक्षीय सन्तुलनतर्फ मोडिनुपर्ने देखिन्छ । भारत वा चीन मात्र होइन, पश्चिमी मुलुकहरूसँग पनि समान दूरीको सम्बन्ध राख्दै राष्ट्रिय स्वार्थकेन्द्रित विदेश नीति लागू गर्न अपरिहार्य हुनेछ ।

युवा पुस्ता, प्रविधि र शिक्षा क्षेत्रमा भएको प्रगति नेपालको नयाँ शक्ति हो । यदि यो शक्ति राष्ट्रिय नीति निर्माणमा उपयोग गरियो भने, नेपालले आफ्नो भू-स्थानलाई अवसरमा रूपान्तरण गर्न सक्छ ।


आउने दिनमा जोड दिंदै यही भन्न सकिन्छ कि नयाँ पुस्ताको भूमिका अत्यन्तै महत्वपूर्ण छ । भू-राजनीतिको अध्ययन र अध्यापन अपरिहार्य छ, विशेषगरी नवपिढीहरूमा । आजको विश्व प्रविधि र जनशक्ति आधारित अर्थतन्त्रतर्फ अघि बढ्दैछ । नेपालको युवापुस्ता, जो प्रवासी रोजगार र अध्ययनबाट विश्व अनुभव लिएर फर्किंदैछ, यही परिवर्तनको मुटु हो ।

यदि राज्यले उनीहरूको सीप, विचार र दृष्टिलाई सही नीतिमा रूपान्तरण गर्न सक्यो भने सन्तुलित कूटनीति र स्वार्थपरक अर्थनीति दुवै सफल बन्न सक्छन् ।

**निष्कर्ष**

नेपालको भूराजनीतिक अवस्था एकातिर चुनौतीपूर्ण भए पनि अर्कातिर अत्यन्त अवसरपूर्ण छ । भारत र चीनबीचको सन्तुलन कायम राख्दै अन्तर ाष्ट्रिय शक्तिहरूसँग सहकार्य गर्दै र आन्तरिक स्थिरता कायम गर्न सके आगामी दशकहरूमा नेपाल पर्यटन र खेल कूटनीतिमार्फत क्षेत्रीय सन्तुलन र सहयोगको केन्द्र बन्ने सम्भावना प्रबल छ ।

नेपालले अब अरूको प्रभावमा होइन, आफ्नो हितमा केन्द्रित विदेश र आर्थिक नीति बनाउनुपर्छ । सन्तुलित कूटनीतिले देशको स्वतन्त्रता जोगाउँछ भने स्वार्थपरक अर्थनीतिले देशलाई समृद्धितिर धकेल्छ । आजको आवश्यकता यही हो- सन्तुलित कूटनीति, स्वार्थपरक अर्थनीति र आत्मनिर्भर नेपाल । ■






# एनआरएनए विवाद अन्त्यतर्फ

## एकता महाधिवेशनका लागि दुवै पक्ष तयार

काठमाडौं । गैरआवासीय नेपाली संघ (एनआरएनए)को लामो समयदेखिको विवाद समाधानतर्फ उन्मुख भएको छ । दर्जनौं पटकका संवादपछि एनआरएनएका दुवै पक्षले वार्ता समिति गठन गरी एकताका लागि सक्रिय कदम चालेका छन् । डा. बद्री केसी नेतृत्वको समूह र एकता महाधिवेशनबाट निर्वाचित महेशकुमार श्रेष्ठको तर्फबाट तीन-तीन सदस्यीय समिति बनाइएको छ ।

केसी समूहबाट डा. हेमराज शर्मा, रामशरण सिम्खडा र सोमनाथ सापकोटा रहेको एनआरएनए एकता वार्ता समिति गठन भएको छ भने श्रेष्ठ समूहबाट महेशकुमार श्रेष्ठ, आरके शर्मा र बीआर लामा रहेको समिति सक्रिय छ । यी दुवै समितिले पटक-पटक छलफल गरी एकताको आधार तयार पारेका छन् ।

विश्वसन्देशलाई प्राप्त एकताको आधारअनुसार आठ बुँदामा विस्तृत सहमतिको खाका तयार भएको छ । सहमति पत्रको ड्राफ्टमा एउटा बुँदाबाहेकका सबै विषयमा सहमति भइसकेको श्रेष्ठ समूहबाट प्रतिनिधित्व गर्ने एक सदस्यले जानकारी दिए । वार्ता समितिका ती सदस्यका अनुसार, एकता महाधिवेशनको उद्घाटन, बन्द सत्र र समापन समारोहको नेतृत्वबारे मात्र छलफल बाँकी छ । 'हामीले आठ बुँदे ड्राफ्ट बनाएर सहमतिलाई लगभग टुङ्गो लगाएका छौं । डा. बद्री केसीले महाधिवेशनको उद्घाटन सत्रको अध्यक्षता गर्ने र बन्द सत्रको अध्यक्षता दुवै अध्यक्षले गर्ने विषयमा सहमति भएको छ,' उनले भने- 'तर, समापन समारोहको अध्यक्षता महेशकुमार श्रेष्ठले गर्ने कुरामा हामीले ह्याण्डओभर (पदभार हस्तान्तरण) गर्ने प्रस्ताव गरेका छौं । यही एउटा विषयमा सहमति हुन बाँकी छ ।'

वार्ता चलिरहँदा पूर्वअध्यक्षहरूको भूमिकाले बेलाबेला समस्या निम्त्याएको बताइएको छ । दुवै पक्षका पूर्वअध्यक्षहरूले मिलाउनेभन्दा समस्या थप्ने काम गरेका छन् । केसी समूहले शेष घलेले अक्टोबरमा कार्यकाल सकिएकाले महेशले जिम्मेवारी लिनुपर्छ भन्दै एकता भाँड्ने प्रयास गरेको आरोप लगाएको छ भने केसी समूहले विधानअनुसार ६ महिना म्याद थपिएको स्पष्ट पारेको छ ।

### दुवै समितिको सहअस्तित्व स्वीकार

अहिलेसम्म एउटा समितिले अर्कोको अस्तित्व अस्वीकार गर्दै आएकामा अब दुवै पक्षले सहअस्तित्व स्वीकार गरी सहमति प्रक्रियामा लागेका छन् । सहमतिको ड्राफ्टमा पनि बृहत एकताका लागि सहमति गरेको उल्लेख छ । सहमतिमा लेखिएको छ, 'दुवै समितिको सहअस्तित्व स्वीकार गर्दै बृहत एकताका लागि सहमति गरेका छौं । गैरआवासीय नेपाली संघलाई एक स्वतन्त्र, स्वायत्त,

गैरराजनीतिक, सामाजिक र परोपकारी संस्थाको रूपमा अक्षुण्ण राख्न विगतका कमी–कमजोरीबाट पाठ सिक्दै संघमा विगतदेखिको असमझदारीलाई समाप्त गरी बृहत सहमति र मजबुत सहकार्यका लागि सबैको प्रतिबद्धतासहित संघलाई भावनात्मक रूपमा एकताबद्ध बनाउने पवित्र उद्देश्यले देहायअनुसारको सहमति गरिएको छ ।'

सहमतिका लागि बाँकी तेस्रो नम्बर बुँदासम्बन्धी छलफलमा तीन विकल्पहरूमा बहस भइरहेको छ । दुवै पक्षका वार्ता समितिका सदस्यहरूले स्टेअरिङ कमिटीले नै १२औं महाधिवेशनबाट निर्वाचित कमिटीलाई पदभार हस्तान्तरण गर्ने, उद्घाटन र समापन समारोहको अध्यक्षता एकअर्काले गर्ने तर दुवै अध्यक्ष दुवै समारोहमा उपस्थित रहने वा समापन समारोहको अध्यक्षता महेशकुमार श्रेष्ठले गर्ने गरी सुझाव दिएका छन् ।

**राजनीतिक दबाब र एकताको आशा**

विश्वभर छरिएका नेपालीहरूलाई एकताबद्ध बनाउने साझा संस्थाको रूपमा स्थापित गैरआवासीय नेपाली संघ (एनआरएनए)को लामो समयदेखिको नेतृत्व विवाद अन्त्यतर्फ उन्मुख भएको छ । डा. बद्री केसी र महेशकुमार श्रेष्ठ नेतृत्वका दुवै पक्षबीच आठ बुँदे सहमतिको खाका तयार हुँदा संस्थाको भविष्यमा नयाँ आशा जागेको छ । तर, यो प्रक्रिया केवल आन्तरिक सहमतिमा मात्र सीमित छैन । नेपालको वर्तमान राजनीतिक अस्थिरता, भ्रष्टाचारविरूद्धको जनआन्दोलन र प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामाले एनआरएनएका विवादास्पद पक्षहरूलाई पनि दबाब दिएको छ । राजनीतिक दलहरू कमजोर भएको यो समयमा दुवै पक्षले एकताको बाटो रोज्नुको पछाडि नेपालको समग्र राजनीतिक संकट नै प्रमुख कारण बनेको छ ।

एनआरएनएको यो विवाद केवल नेतृत्वको होइन, संस्थाको वैधानिकता, पारदर्शिता र राजनीतिकरणसँग जोडिएको छ । पूर्वअध्यक्षहरूको हस्तक्षेप, अति राजनीतिकरण र नेतृत्वको पक्षपाती दृष्टिकोणले संस्थालाई कमजोर बनाएको छ। तर, सर्वोच्च अदालतको हस्तक्षेप, राष्ट्रपतिको अपील र अन्तर्राष्ट्रिय दबाबले समाधानको ढोका खोलेको छ ।

**स्थापना र उद्देश्य : एकताको सपना**

गैरआवासीय नेपाली संघको स्थापना सन् २००३ (२०६०) मा काठमाडौंमा भएको थियो । यो संस्था विदेशमा बसोवास गर्ने नेपालीहरूलाई एक छातामुनि ल्याउने उद्देश्यले गठन भएको थियो ।

तर, संस्थाको सफलतासँगै आन्तरिक विवादहरू पनि बढे । प्रत्येक दुई वर्षमा हुने अन्तर्राष्ट्रिय महाधिवेशनहरू नेतृत्व चयनको प्रमुख मञ्च बने । १०औं महाधिवेशन (सन् २०२१) पछि संस्था दुई समूहमा विभाजित भयो । एक पक्षले डा. शेष घलेको नेतृत्वलाई चुनौती दिँदै डा. बद्री केसीलाई समर्थन गर्‍यो भने अर्को पक्षले महेशकुमार श्रेष्ठको एकता महाधिवेशनलाई वैध ठहर्‍यायो । यो विभाजनले संस्थाको वैधानिकतामाथि नै प्रश्न उठ्यो ।

एनआरएनएको विवादको जरा राजनीतिकरणमा छ । संस्थालाई गैरराजनीतिक राख्ने उद्देश्य भए पनि नेपाली राजनीतिक दलहरूको प्रभाव बढ्दै गएको छ । नेपाली कांग्रेस, नेकपा (एमाले) र माओवादी केन्द्रका नेताहरूले आफ्ना समर्थकहरूलाई संस्थामा घुसाएर प्रभाव जमाउने प्रयास गरेका छन् ।

**विवादको विकास : अदालतदेखि सडकसम्म**

एनआरएनएको विवाद सन् २०२३ को ११औं महाधिवेशनबाट चर्किएको थियो । डा. बद्री केसीको नेतृत्वमा निर्वाचित कार्यसमिति र सन् २०२५ मे महिनामा डा. शेष घलेको संयोजकत्वमा गठित उच्चस्तरीय समितिबाट आयोजित एकता महाधिवेशनबाट महेशकुमार श्रेष्ठको टिम निर्वाचित भएपछि द्वन्द्व तीव्र भयो । सर्वोच्च अदालतले २०८० चैत २१ गते (सन् २०२४ अप्रिल ३) परमादेश जारी गरी एकता महाधिवेशनलाई मान्यता दियो । तर, केसी पक्षले यसविरूद्ध रिट दायर गर्दै अदालतको फैसलालाई चुनौती दियो, जसलाई अदालतले २०८१ साउन २२ गते अस्वीकार गर्‍यो ।

यो विवाद अन्तर्राष्ट्रिय स्तरमा फैलियो । शाखामा समेत दुई गुट बने, जसले स्थानीय नेपाली समुदायलाई प्रभावित गर्‍यो । कतारको एनआरएनए शाखा पनि विभाजित भयो, जसमा नेतृत्व विवादले सामाजिक सद्भावमा असर पर्‍यो । राष्ट्रपति रामचन्द्र पौडेलले अप्रिल २०२५ मा एनआरएनए नेताहरूलाई विवाद समाधान गर्न आह्वान गरे । प्रधानमन्त्री केपी ओली र तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवाबीच पनि पक्षधरताको आरोप लाग्यो, जसले विवादलाई राजनीतिक रङ दियो ।

**विवादका मूल कारणहरू**

एनआरएनएको विवादको जरा राजनीतिकरणमा छ । संस्थालाई गैरराजनीतिक राख्ने उद्देश्य भए पनि नेपाली राजनीतिक दलहरूको प्रभाव बढ्दै गएको छ । नेपाली कांग्रेस, नेकपा (एमाले) र माओवादी केन्द्रका नेताहरूले आफ्ना समर्थकहरूलाई संस्थामा घुसाएर प्रभाव जमाउने प्रयास गरेका छन् । तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवाले एकता महाधिवेशनलाई सम्बोधन गर्दै एकताको अपील गरिन्, तर यसलाई कांग्रेसको पक्षधरता ठानियो । तत्कालीन प्रधानमन्त्री ओलीले पनि आफ्नो पार्टी निकट मानिएका डा. केसी नै आधिकारिक भनेर एनआरएनएमा राजनीति गरे ।

पूर्वअध्यक्षहरूको भूमिका पनि विवादास्पद छ । डा. शेष घले जस्ता नेताहरूले संस्थालाई आफू अनुकूल चलाउन खोजेका छन् । केसी पक्षले घलेलाई एकता भाँड्ने आरोप लगाएको छ, जबकि घले पक्षले केसीको कार्यकाल अवैध ठहर्‍याएको छ । यो हस्तक्षेपले नयाँ नेतृत्वलाई कमजोर बनाएको छ । यसबाहेक, एमआईएस

# सहमतिको मुख्य आधार

वार्तासमिति स्रोतका अनुसार सहमतिको मुख्य आधार निम्नानुसार छ :

- सम्मानित सर्वोच्च अदालतको मिति २०८० चैत २१ गतेको रिटमा भएको परमादेशअनुसार संघका पूर्वअध्यक्ष डा. शेष घलेको संयोजकत्वमा गठित उच्चस्तरीय समितिद्वारा सन् २०२५ को मे महिनामा आयोजित महाधिवेशनबाट महेशकुमार श्रेष्ठको नेतृत्वमा सर्वसम्मत रूपमा निर्वाचित कार्यसमितिलाई स्वीकार गर्ने ।

- सन् २०२३ अक्टोबरमा सम्पन्न संघको ११औं महाधिवेशनबाट निर्वाचित डा. बद्री केसी नेतृत्वको कार्यसमितिलाई सम्मानित सर्वोच्च अदालतको रिटको फैसला र २०८१ साउनको आदेशअनुसार दुवै आदेशको सम्मान गर्दै स्वीकार गर्ने ।

- २०२६ मार्च ३१ तारिखभित्र अनिवार्य रूपमा १२ औं महाधिवेशन सम्पन्न गर्ने । उक्त महाधिवेशन पारदर्शी तथा विश्वसनीय रूपमा सम्पन्न गर्न र नियमित कार्यालय सञ्चालन गर्नका लागि आगामी महाधिवेशनमा उम्मेदवार नहुने निम्न व्यक्तिहरू रहने गरी एक स्टेअरिङ कमिटी गठन गर्ने । स्टेअरिङ कमिटीमा रहँदा राजीनामा दिएर पनि १२औं महाधिवेशनमा उम्मेदवारी दिन नपाउने । त्यसैगरी एनआरएनएको विधानअनुसार निर्वाचन समिति, निर्वाचन अनुगमन समिति, सदस्यता तथा प्रतिनिधि व्यवस्थापन समिति र न्यायिक समिति गठन गर्ने । कमिटीमा बहुमत प्रणालीभन्दा सहमति प्रणाली लागू हुनेछ । स्टेअरिङ कमिटीमा डा. बद्री केसी, महेशकुमार श्रेष्ठ, डा. विनोद श्रेष्ठ, आरके शर्मा र बीआर लामा रहनेछन् । तर, १२औं महाधिवेशनको उद्घाटन सत्रको सभापतित्व डा. बद्री केसीले गर्ने र समापन समारोहको अध्यक्षता महेशकुमार श्रेष्ठले गर्दै नयाँ कार्यसमितिलाई पदस्थापन गराउने विषयमा अझै सहमति जुट्न बाँकी छ ।

- एमआईएस सिस्टमको पारदर्शिता र निष्पक्षताका लागि देहायअनुसारको सिस्टम व्यवस्थापन समिति गठन गर्ने । जसमा अहिलेका दुवै पक्षका महासचिव गौरीराज जोशी र बीआर लामा रहनेछन् ।

- संघका विगत दशौं र ११औं महाधिवेशनका सन्दर्भमा विभिन्न परिस्थितिका कारण कुल आचार्य, डा. बद्री केसी, रविना थापा, विनोद कुँवर र राजेन्द्रकुमार शर्मा (आरके)को अध्यक्षतामा गठित कार्यसमितिहरूलाई सम्मानजनक अभिलेखीकरण गर्ने । यो विषयलाई १२ औं महाधिवेशनले अनुमोदन गर्ने ।

- एनआरएनएको आधिकारिकता लगायतका विषयमा अदालतमा परेका मुद्दाहरू सबै पक्षले सहमतिमा फिर्ता लिने वा आपसी सहमतिका माध्यमबाट समाधान गर्ने ।

- यो सहमति परराष्ट्र मन्त्रालयको प्रतिनिधिको उपस्थितिमा हस्ताक्षर गर्ने र उक्त सहमति पत्रलाई परराष्ट्र मन्त्रालयमा अभिलेखीकरण गर्ने । कुनै विषयमा विवाद उत्पन्न भएमा परराष्ट्र मन्त्रालयसँगको समन्वय र सहमतिमा समाधान गर्ने । यस सहमतिको कार्यान्वयन संघको विधानको परिधिभित्र रही गर्ने ।

- यो सहमतिलाई १२औं महाधिवेशनबाट अनुमोदन गरिनेछ ।

यो सहमति कार्यान्वयन भएमा एनआरएनएको लामो विवाद अन्त्य भई संस्था एकताबद्ध बन्ने अपेक्षा गरिएको छ ।

सिस्टमको पारदर्शिताको अभाव र सदस्यता व्यवस्थापनमा भ्रष्टाचारका आरोपहरूले विवाद थपेको छ ।

नेतृत्वले राजनीतिक छायाँअनुसार संस्था चलाउन खोज्दा समस्या निम्तिएको छ । ओली सरकारको समयमा एनआरएनएलाई राजनीतिक दबाब दिइएको थियो, जसले संस्थाको स्वायत्ततालाई हानि पुर्‍यायो ।

**समाधानका प्रयासहरू**

विवाद समाधानका लागि दुवै पक्षले वार्ता समिति गठन गरेका छन् । केसी पक्षबाट डा. हेमराज शर्मा, रामशरण सिम्खडा र सोमनाथ सापकोटा छन् भने श्रेष्ठ पक्षबाट महेशकुमार श्रेष्ठ, आरके शर्मा र बीआर लामा रहेका छन् । यी समितिहरूले आठ बुँदे सहमतिको ड्राफ्ट तयार पारेका छन्, जसमा सर्वोच्च अदालतको फैसलाको सम्मान, १२औं महाधिवेशनको तयारी र स्टेअरिङ कमिटी गठन उल्लेख छ ।

सहमतिअनुसार, डा. बद्री केसी, महेशकुमार श्रेष्ठ, डा. विनोद श्रेष्ठ, आरके शर्मा र बीआर लामा रहने स्टेअरिङ कमिटीले २०२६ मार्च ३१ सम्म १२ औं महाधिवेशन सम्पन्न गर्ने जिम्मेवारी पाउनेछ । कमिटीमा सहमति प्रणाली लागू

हुनेछ र उम्मेदवारहरूले राजीनामा दिएपछि पुनः उम्मेदवारी नदिनुपर्नेछ। यसबाहेक, एमआईएस सिस्टमको पारदर्शिताका लागि गौरीराज जोशी र बीआर लामा रहने विशेष समिति गठन हुनेछ । विगतका कार्यसमितिहरूलाई सम्मानजनक अवकास दिने र अदालती मुद्दाहरू सहमतिमा फिर्ता लिने प्रावधान पनि सहमतिमा परेको छ । परराष्ट्र मन्त्रालयको उपस्थितिमा हस्ताक्षर हुने यो सहमति १२औं महाधिवेशनले अनुमोदन गर्नेछ ।

### जेनजी आन्दोलनको प्रभाव

एनआरएनए विवाद समाधानका लागि प्रमुख दबाब नेपालको वर्तमान राजनीतिक संकटबाट आएको छ । सेप्टेम्बर २०२५ मा सोसल मिडिया ब्यान र भ्रष्टाचारविरूद्ध जेनजी युवाहरूको आन्दोलनले देशलाई हल्लायो । १९ जनाको ज्यान गएको र ३ सयभन्दा बढी घाइते भएपछि प्रधानमन्त्री ओलीले राजीनामा दिए । सेनाले सुरक्षा जिम्मेवारी लिँदा राजनीतिक दलहरू कमजोर बने । यो अवस्थाले एनआरएनएका दुवै पक्षलाई 'अनुकूल सरकार' नभएको महसुस गरायो ।


ओलीले एनआरएनएलाई पनि प्रभावित गरेका थिए । आन्दोलनकारीहरूले भ्रष्टाचार र नेपोटिजमलाई प्रमुख मुद्दा बनाए, जसले संस्थागत सुधारको माग बढायो । नेपालको यो संकटले भारत र चीनबीचको बफर स्टेटको भूमिकालाई पनि जोखिममा पारेको छ ।

यो दबाबले दुवै पक्ष राजी भएका छन् । राजनीतिक दलहरूको कमजोरीले एनआरएनएलाई स्वायत्त बन्न दबाब दिएको छ । राष्ट्रपतिले पनि विवाद समाप्त गर्न आग्रह गरेका थिए ।

जेनजी आन्दोलनका कारण बालुवाटार स्थित एनआरएनएको कार्यालय ध्वस्त भएको छ । त्यस्तै संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोको निवास पनि भग्नावशेषमा परिणत भएको छ । आन्दोलनका निशानामा एनआरएनए पनि परेको छ ।

एनआरएनएको विवाद समाधानले प्रवासी नेपालीहरूलाई नयाँ ऊर्जा दिनेछ । संस्थाले लगानी प्रवर्द्धन र सांस्कृतिक संरक्षणमा योगदान बढाउन सक्छ । तर, राजनीतिकरण रोक्न र पारदर्शिता कायम गर्न दीर्घकालीन प्रतिबद्धता चाहिन्छ । १२ औं महाधिवेशन सफल भएमा एनआरएनए विश्व नेपाली एकताको प्रतीक बन्न सक्छ । ■

> समाधानका लागि दुवै पक्षले वार्ता समिति गठन गरेका छन् । केसी पक्षबाट डा. हेमराज शर्मा, रामशरण सिम्खडा र सोमनाथ सापकोटा छन् भने श्रेष्ठ पक्षबाट महेशकुमार श्रेष्ठ, आरके शर्मा र बीआर लामा रहेका छन् । यी समितिहरूले आठ बुँदे सहमतिको ड्राफ्ट तयार पारेका छन्, जसमा सर्वोच्च अदालतको फैसलाको सम्मान, १२औं महाधिवेशनको तयारी र स्टेअरिङ कमिटी गठन उल्लेख छ ।



मुम्बई । भारतीय चलचित्र इतिहासमा एक अमर प्रेमकथाका रूपमा स्थापित बलिउड फिल्म 'दिलवाले दुल्हनिया ले जायेङ्गे' (डिडिएलजे)ले गत सोमबार आफ्नो अविश्वसनीय यात्रा पार गरेको छ । सो चलचित्रले एकै सिनेमा घरमा लगातार प्रदर्शनको ३० वर्ष पूरा गर्दै नयाँ कीर्तिमान कायम गरेको हो ।

सन् १९९५ अक्टोबर २० मा रिलिज भएको यो चलचित्र आज पनि मुम्बईको मराठा मन्दिर थियटरमा दैनिक प्रदर्शन भइरहेको छ । त्यहाँ हरेक बिहान ११:३० बजे दर्शकहरूको उत्साह कहिल्यै घटेको छैन । ६० वर्षीय मोहम्मद शाकिरले मुस्कुराउँदै भने, 'मैले यो चलचित्र झन्डै ३० पटक हेरेको छु... अझै पनि हेर्छु ।' केवल ४० भारतीय रूपैयाँ तिरेर टिकट किन्न आउने शाकिरजस्ता दर्शकहरूले नै यो फिल्मलाई जीवित राखेका छन् ।

शाहरूख खान र काजोल अभिनित यस चलचित्रले शाहरूखलाई सुपरस्टार मात्र बनाएन, आधुनिक हिन्दी रोमान्सको परिभाषा नै परिवर्तन गर्‍यो । सिनेमाघरका प्रमुख मनोज देसाई भन्छन्, 'हप्ता दिनमा प्रायः कलेजका विद्यार्थी र युवा दम्पतीहरू आउँछन्, तर आइतबार भने ३० वर्षपछि पनि करिब ५ सय दर्शक उपस्थित हुन्छन् ।'

मराठा मन्दिरमा निरन्तर प्रदर्शन हुँदै आएको यो फिल्म १ हजार ५ सय हप्ताभन्दा बढी समयदेखि चलिरहेको छ । यसले एक समयको सुपरहिट एक्सन-थ्रिलर 'शोले'को कीर्तिमानलाई समेत पछि पारिसकेको छ ।

फिल्मले विदेशमा रहेका दोस्रो पुस्ताका भारतीयहरूको उदार मूल्य र उनीहरूका आमाबाबुको परम्परागत सोचबीचको द्वन्द्वलाई प्रभावशाली रूपमा चित्रण गरेको छ । यसको प्रसिद्ध दृश्य–नायिका आफ्नो प्रेमीको हात समात्न रेलको छेउमा दौडिन्छिन्, आज पनि दर्शकहरूलाई 'गुजबम्प्स' (आङ सिरिङ्ग बनाउने) दिने क्षण बनेको छ । देसाईका शब्दमा, 'त्यो दृश्य बुबाले आफ्नी छोरीलाई आफ्नो निर्णय गर्ने स्वतन्त्रता दिएको क्षण हो र त्यही भावनाले दर्शकको हृदय छोएको छ ।'

केही दर्शकका लागि डिडिएलजे जीवनकै हिस्सा बनिसकेको छ । 'एक महिला २० वर्षदेखि हरेक हप्ता आउँछिन्', देसाई भन्छन्, 'हामी उनलाई कुनै विशेष सुविधा दिँदैनौं । उनी टिकटको मूल्य तिर्छिन् । यस्तो समर्पित संरक्षक कहाँ भेटिन्छ ?' नयाँ पुस्ता पनि यस फिल्मप्रति समान आकर्षित छ । 'आजको पुस्तामा सम्बन्ध प्रायः लेनदेनमा सीमित छन्, तर यस फिल्ममा नायकले बिना कुनै अपेक्षा प्रेमका लागि सबै सीमा पार गर्छ', फिल्म रिलिज नहुँदै जन्मिएका २३ वर्षीय ओमकार सराफ भन्छन्, 'टेलिभिजन, मोबाइलभन्दा ठूलो पर्दामा हेर्दा यो फिल्मले अझै गुद्गुदी दिन्छ ।'

फिल्मले केहीका वास्तविक प्रेमकथामा पनि छाप छोडेको छ । 'एक दम्पतीले डेटिङक्रममा यो चलचित्र हेरेका थिए र पछि आफ्नो विवाहमा मलाई निम्त्याए', देसाई भन्छन्, 'उनीहरू हनिमुनका लागि विदेश गएका थिए र फर्केर फेरि यही फिल्म हेरे ।'

सन् २०१५ मा मराठा मन्दिरमा यसको प्रदर्शन बन्द गर्न खोजिएको थियो, तर दर्शकहरूको विरोध र भावनात्मक आग्रहपछि त्यो योजना रोकिएको थियो । थियटर आज पनि पुरानै आकर्षणसहित विद्यमान छ– भापमा पाकेको चिया, तात्तातो समोसा र पुरानो शैलीका टिकट काउन्टरले दर्शकलाई पुरानो मुम्बईको स्वाद दिलाउँछ । बम्बई सेन्ट्रल स्टेशन नजिकैको यसको स्थानका कारण यात्रुहरूले पनि प्रस्थान अघि फिल्म हेर्ने परम्परा कायम राखेका छन् ।

फिल्म समीक्षक भारद्वाज रङ्गनका अनुसार डिडिएलजे भारतको सांस्कृतिक यात्राको प्रतीक हो, जहाँ नयाँ र पुराना मूल्यहरूबीचको द्वन्द्वलाई यसले कुशलतापूर्वक समेटेको छ । 'यो चलचित्र केवल मनोरञ्जन होइन, भारतको सांस्कृतिक स्मारक बनेको छ', उनले भने, 'मलाई विश्वास छ, यो फिल्म सायद सदाका लागि पर्दामा चलिरहनेछ ।'

तीस वर्षपछि पनि डिडिएलजे केवल एउटा चलचित्र होइन– प्रेम, स्मृति र भारतीय पहिचानको जिउँदो प्रतीक बनेको छ, जसले बलिउडको रोमान्सलाई अझ बलियो बनाउँदै लगेको छ । ■

# डिडिएलजे

## बलिउड अमर प्रेमकथा

- ३० वर्षपछि पनि जादु यथावत
- १५०० हप्ता बढी प्रदर्शन कीर्तिमान





# वरिष्ठ बलराममा गुरू–चेलाको भिडन्त

काठमाडौं । चलचित्र 'पूर्णबहादुरको सारङ्गी'को व्यावसायिक सफलतापछि हौसिएका अभिनेता विजय बरालद्वारा अभिनित पछिल्लो चलचित्र 'वरिष्ठ बलराम' प्रदर्शनमा आएको छ । तिहारलाई लक्षित गरेर कात्तिक ६ गतेदेखि उक्त चलचित्र प्रदर्शन भएको हो ।

चलचित्रमा अभिनेता बरालसँगै अभिनेता दयाहाङ राई समानान्तर भूमिकामा छन् । बराल र राई गुरूचेला हुन् । यिनै गुरूचेलाले पहिलोपटक समान भूमिकामा देखिएका छन् । यसअगाडि यी दुई जनाले सँगै अभिनय नगरेका भने होइनन्, तर ती पटकथामा अभिनेता राई मुख्य र अभिनेता बराल सहायक भूमिकामा देखिन्थे । यसपटक भने दुवै जना समान भूमिकामा छन् ।

अभिनेता बरालले यस चलचित्रमा आफ्नै गुरू अभिनेता राईलाई 'तँ' भन्ने र झगडा गर्ने लगायत दृश्य रहेकाले छायाङ्कनको सुरूआती समयमा आफूलाई कठिनाइ भएको सुनाए । 'मैले यसअगाडिका चलचित्रमा अभिनेता राईसँग पर्दा बाहिर भएको सम्बन्ध जस्तै दाजुभाइको भूमिका निर्वाह गरेको थिएँ । यसमा भने मैले उहाँसँग झगडा गर्ने, लात हान्ने, तँ भन्ने लगायत दृश्य छन्,' उनले भने- 'आफ्नै गुरू र श्रद्धेय दाइलाई त्यस्तो गर्न अप्ठेरो नै हुनेरहेछ, तर अभिनेता राईले ती दृश्यलाई गर्न सहज बनाइदिनुभयो । हामी भलै चलचित्रको पात्रमा भए पनि आफ्नो श्रद्धेय व्यक्तिलाई होच्याउन गाह्रो हुने रहेछ ।'

उक्त चलचित्रमा अभिनेता राईसँग टकराव गर्ने पात्रको भूमिका बरालले निर्वाह गरेका छन् । राई चलचित्रमा काम गर्दा वास्तविक जीवनलाई बिर्सिनुपर्ने बताउँछन् । 'हामीले त्यहाँ आफ्नो पात्र निर्वाह गरेका हौं । त्यसकारण मैले अभिनेता बराललाई आफ्नो पात्रअनुसार व्यवहार गर्न भनें,' राई भन्छन्- 'किनकि त्यहाँ हामीले हाम्रो पहिचान कायम गऱ्यौं भने पात्रलाई अन्याय हुन्छ । अभिनेता बरालसँग चलचित्रमा देखिएजस्तो वास्तविक जीवनमा कहिले हुँदैन ।' बरालले वास्तविक जीवनमा कल्पना पनि नगरिएका पात्रलाई चलचित्रमा बाँच्न पाउनु नै अभिनयको सुन्दर पक्ष रहेको बताए ।

यस चलचित्रमा समाजमा रहेको हरेक व्यक्तिमा बाहिरी आवरणमा वरिष्ठ र प्रतिष्ठित देखिने चाहनालाई देखाइएको छ । यस चलचित्रलाई सुरेन्द्र पौडेलले निर्देशन गरेका छन् । निर्देशक पौडेलकै कथा र सम्पादन रहेको उक्त चलचित्रको पटकथा भने महेश दवाडीले तयार पारेका हुन् ।

स्थापित र उदाउँदो व्यक्तिबीचको सङ्घर्षको कथावस्तुमा आधारित रहेको चलचित्र 'वरिष्ठ बलराम'मा अभिनेताद्वय राई र बरालसँगै समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरूङ, भोलाराज सापकोटा, रामबाबु रेग्मी र प्रदीपकुमार चौधरी (पीके) लगायत कलाकारको अभिनय रहेको छ ।



आरएल श्रमजीवी
हाल : लण्डन, बेलायत

# सपनीमा नाचेको झुटो जिन्दगी

आज म मेरा भावनाहरू जो उफ्री-उफ्री मनबाट बाहिर प्रकट भइरहेका छन्, तिनीहरूलाई दबाउन सकिरहेको छैन। मन मस्तिष्क एकाग्रतामा छैन। जीवनको तथ्य उजागर गर्ने क्रममा पहिलो महान व्यक्तित्व भनेकै आमा र धर्ती रहेछन्। जसलाई जति कुल्चे पनि यो धर्तीले ऐय्या भन्दैन। त्यस्तै आमालाई जति सन्तानले दुःख दिए पनि उनको सन्तानप्रति कुनै गुनासो छैन।

**'काँडामा हाँसेको मिठो जिन्दगी**
**सपनीमा नाचेको झुटो जिन्दगी**
**राराको दहमा डुब्यो जिन्दगी**
**झऱ्यो जिन्दगी फुट्यो जिन्दगी**
**छल्केर आँखामा बग्यो जिन्दगी**
**झऱ्यो जिन्दगी फुट्यो जिन्दगी ...'**

नारायणगोपालको स्वर कालीप्रसाद रिजालको यो गीत सुनिरहें। आज नै साउँ द जुझे हस्पिटल मार्तिमुनिजमा राखिएका मेरो मोबाइल, पर्स र लुगा मलाई दिनासाथ मैले पल्लो बेडमा रहेका बिरामीको चार्जर मागेर मोबाइल चार्ज गर्नासाथ युट्युबबाट गीत सुनें। गीत सुन्दासुन्दै मेरा आँखा छल्किरहेका मन मुटु भक्कानिएको थियो। एक पल्ट सुनेर पुगेन अर्को पल्ट सुन्दासुन्दै मोबाइलको डाटाबेस सकियो। ला, पहिला नेपालमा कल गरेको भए हुने ! आज हस्पिटल बसेको १७ दिन भएको थियो। हस्पिटल आएको जानकारी दिएको थिएँ त्यसपछि मोबाइलमा चार्ज सकियो।

संसारभर कोरोना महामारी, लगातार खोकीबारे उनीहरूलाई थाहा थियो। के सोचिरहेका होलान् ? भएन अब त्यही साथीको मोबाइल मागेर कल गर्छु भनेर विनम्रसाथले उसको मोबाइल मागेर घरमा उषालाई फोन गरें। मोबाइलको एक घण्टीमै फोन उठ्यो। आफ्नो अवस्था बताएर फोन राखें।

आज बायस्पी गर्ने दिन। कसरी बायस्पी गर्लो ? बायस्पीको रिपोर्ट कस्तो आउला ? यी र यस्तै प्रश्न मनमा आइरहेका थिए। समयले जिन्दगीलाई कहाँ पुऱ्याएको थियो ?

काभ्रे जिल्ला देवभूमि बालुवा गाविस वडा नं. ८ लुइँटेलगाउँ - हाल-पाँचखाल नगरपालिका-१०)मा जन्मिएर ताते गरेको त्यो लुइँटेल गाउँ मेरो प्यारो ठाउँ, त्यो घैरिनी डाँडा, अधेरी खोला, ओख्ले र सिमा पधेंरो डुडे चौर, पातालको बन खोका खोल्सो, आचार्य गाउँ रानीपानी, चापाकोबोट, बकुल्टार, खामपुर, देवभूमि बालुवा मात्र होइन माथि धुर्पुरादेखि तल ढोट्नेसम्म मेरा कलिला पाइलाहरूले धेरैपल्ट त्यो जमीन नाप्यो। त्यहीं ठेस लाग्यो ऐय्या आमा भनेर धेरै चिच्याएँ। ढोडारा र इन्द्रवानको फाँटमा दाइँ गर्दा गोरु धपायो। असारे रोपाइँमा यो शरीर हिलाम्य भयो। टन्यौटे कुवाको पानी पियो। गाउँमा बिहे, व्रतबन्ध र कुलाइन पूजामा दमाईदाइले बाजा बजाउँदा कम्मर भाँचेर नाच्यो।

यसरी जम्माजम्मी दिन गनेर ल्याउँदा आमाद्बाबासँग ५ हजार १ सय १० दिन बिताएछु मैले। त्यसपछि सर्वमंगलाबाट एसएलसी गर्दा मामाघरको त्यो दुलालथोक काफ्लेडी डा. घनश्याम न्यौपाने सरसँगै झण्डै एक वर्ष बसेर धेरै सिकेको। तामाघाट, तीनपिप्ले र बालुवाका सेरोफेरोमा लगभग १२ सय दिन बितेछन्।

पार्टीमा संगठित हुँदा, आरआर कलेज हुँदै कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पाका ती दुर्गम बस्तीदेखि काठमाडौंसम्म जम्माजम्मी ९ सय दिनहरू र जीवनको ऊर्जाशील अवस्थामा ६ हजार ६ सय ६५ दिन

बनेपालाई केन्द्र बनाउँदै म देश-विदेश पुगेको रहेछु । आज हस्पिटलको बेडमा यो हालतमा पल्टिएर गम्दै छु ।

जिन्दगीकै दौरानमा एक जिन्दगीबाट हामी चार भयौं ! कामकै सिलसिलामा मेरो सामिप्यतामा धेरै आए त केही खलपात्र, कोही समय-समयका गुरू कोही त नायक नै पनि भए । काभ्रे टाइम्सको स्थापनादेखि रेडियो प्रसारणसम्मको संख्या र अनुहारको सम्झनामा मैले एक-एक को-को थिए हिसाब गर्नुपर्छ । थुप्रै अनुहारहरूको छुट्टै प्रवृत्तिसँग बानी व्यहोरा र बेग्लाबेग्लै व्यक्तित्वका बारेमा वर्णन गरेर यहाँ साध्य छैन ।

आज म मेरा भावनाहरू जो उफ्री-उफ्री मनबाट बाहिर प्रकट भइरहेका छन्, तिनीहरूलाई दबाउन सकिरहेको छैन । मन मस्तिष्क एकाग्रतामा छैन । जीवनको तथ्य उजागर गर्ने क्रममा पहिलो महान व्यक्तित्व भनेकै आमा र धर्ती रहेछन् । जसलाई जति कुल्चे पनि यो धर्तीले ऐय्या भन्दैन । त्यस्तै आमालाई जति सन्तानले दुःख दिए पनि उनको सन्तानप्रति कुनै गुनासो छैन ।

मेरी आमाले मलाई पार्टीमा लाग्दा रोक्न खोज्नुभयो । पछि मैले मन पराएका मान्छेसँग सम्बन्ध जोड्दा उहाँ टुट्नुभयो । तर पनि उहाँको जीवनले यो जीवन पाएको हो उहाँका आफ्नै इच्छा चाहना होलान् मैले पूरा गर्न सकिन । उहाँले फलोस्, फुलोस्को आशीर्वाद मात्र दिए पुग्छ । उहाँको मनभित्र त्यस्तै अहिले उहाँ मनले मनसँग मीठो बात गर्नुहुन्छ । किनभने उहाँका सपनाहरू साकार पार्न म कहिल्यै लागिन । त्यस्तै यो धर्ती पनि त्यस्तै हो ।

काभ्रेमा काभ्रे टाइम्सकै नामबाट मैले सञ्चार संस्थालाई स्थापना गरें । आम काभ्रेलीको माया रह्यो । विभिन्न संस्थाहरूको विश्वासलाई डगमगाउन दिइनँ । म अहिले बनेपामा छैन, तर रातका सपनाहरूमा बनेपामै हुन्छु ।

मेरो मोह यही धर्तीप्रति हो । तर, मभित्रको प्रतिकूलतालाई अनुकूलतामा बदल्न पराई भूमिमा छु । यहाँ भाषा, रहनसहन र भूगोल नै बेग्लै भएकाले झनै प्रतिकूलता छ । यो जीवन रहला-नरहला, तर जिजिविषा त छ डाक्टरकै भर र विश्वासमा छु ।

**'पिरले भरेको खाली जिन्दगी**
**पिरतीले रूवाएको प्यारो जिन्दगी**
**आज आफ्नै छातीमा दुख्यो जिन्दगी**
**झ्न्यो जिन्दगी फुट्यो जिन्दगी**
**छल्केर आँखामा बग्यो जिन्दगी**
**झ्न्यो जिन्दगी फुट्यो जिन्दगी...'** ■


## न्यू लाइफ सिनियर केयर सेन्टर

न्यू लाइफ सीनियर केयर सेन्टरमा प्रत्येक ज्येष्ठ नागरिकलाई माया, संलग्नता र मूल्यवान अनुभव हुने ठाउँ मिल्नुपर्छ भन्ने हाम्रो विश्वास छ । हाम्रो एडल्ट डे केयर सेन्टरले एक आत्मीय र स्वागतपूर्ण वातावरण प्रदान गर्दछ, जहाँ ज्येष्ठ नागरिकहरूले अर्थपूर्ण गतिविधिहरू, सामाजिक अन्तरक्रिया र उनीहरूको आवश्यकताअनुसारको करूणामय हेरचाह प्राप्त गर्न सक्छन् । रमाइलो गतिविधिहरू, स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू सहभागी हुँदै न्यानो वातावरणमा तातो चियाको कपसँगै अनुभव बाँड्दै, प्रत्येक क्षणलाई हाँसीखुसी रमाइलो साथ बिताउनको लागि समयमै नाम दर्ता गराई हामीलाई तपाईंहरूको सेवा गर्ने अवसर दिनुहुन अनुरोध गर्दछौं ।

## हाम्रा सेवाहरू

न्यू लाइफ सिनियर केयर सेन्टरमा उपलब्ध गराइने सेवा सुविधा निम्न अनुसार हुनेछ ।

- लिन आउने र पुऱ्याउने व्यवस्था
- लन्च र स्न्याक्स
- नृत्य र संगीत
- जन्मदिन र एनिभरसरी उत्सव
- चलचित्र हेर्ने
- बिङ्गो र अन्य खेलहरू
- मासिक १ पटक न्यूयोर्कभित्र र बाहिर साइड टुर गर्ने व्यवस्था
- योगा र व्यायाम
- छुट्टै प्रार्थना कोठा
- ज्येष्ठ नागरिक सुरक्षाका लागि जीपीएस सुविधा





New Life
Senior Care Center

NEW LIFE
SENIOR CARE CENTER
• Longer Life, Happy Days •

सम्पर्क जानकारी

मोहन के. श्रेष्ठ
मुख्य कार्यकारी अधिकृत (CEO)
Email: mkshrestha9@gmail.com
फोन नम्बर: 347-242-8594

347-531-0003
info@newlifeseniorcare.com

74-10 Broadway #Fl 2, Elmhurst, NY 11373
हाम्रो स्थान रूजभेल्ट एभेन्यु सबवे स्टेसन (E, F, M, R & 7 ट्रेन लाइनहरू)को ठीक अगाडि सुविधाजनक रूपमा अवस्थित छ ।



# निर्वाचन तयारी
# १५ दल दर्ताको निवेदन

काठमाडौं । निर्वाचन आयोगलाई यतिबेला चुनावको चटारो छ । हालसम्म १५ वटा नयाँ पार्टीले दल दर्ताको निवेदन निर्वाचन आयोगमा बुझाएको छ । निर्वाचन आयोगले नयाँ १५ राजनीतिक दलहरूले दल दर्ताका लागि निवेदन दिइएका कागजात स्वीकृतिका लागि अध्ययन गरिरहेको जनाएको छ । आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा हुनुअघि १० र घोषणापछि ५ वटाले दल दर्ताका लागि निवेदन दिएको र ती दलको कागजात विचाराधीन अवस्थामा रहेको आयोगको भनाइ छ ।

सामान्यतः आयोगमा दल दर्ताका लागि जहिले पनि निवेदन दिन सकिने भए पनि जेनजी आन्दोलनपश्चात नयाँ सरकार गठन भई प्रतिनिधिसभा विघटन र निर्वाचन घोषणा भएको परिवेशमा युवापुस्ताको समेत सहभागितामा दल दर्ताको क्रम देखिएको छ । आयोगले प्रक्रिया पुग्नेहरूलाई आवेदन स्वीकृत हुने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिएका छन् ।

निर्वाचन घोषणापछि धरान उपमहानगरपालिकाका प्रमुख हर्क साङपाङ नेतृत्वको श्रम संस्कृति पार्टीले गत असोज ७ गते दल दर्ताका लागि निवेदन दिएको थियो । साथै, गोपीलाल न्यौपाने नेतृत्वको नेपाल लिबरल पार्टीले 'सिक्का' चिन्हसहित यही कात्तिक २ गते दर्ताको निवेदन दिएको थियो । अधिवक्ता डा. सुरेन्द्र भण्डारी नेतृत्वको नेपाल नागरिक पार्टीले गत असोज ९ गते आयोगमा दर्ताका लागि निवेदन दिएको थियो । गत असोज ३० गते दिनेशराज प्रसाईं नेतृत्वको गतिशील लोकतान्त्रिक पार्टीले 'ज्योति' चुनाव चिन्हको मागसहित दर्ताका लागि निवेदन दिएको छ ।

दल दर्ताका लागि हिराप्रसाद सोती नेतृत्वको राष्ट्रिय जेनजी पार्टी नेपालले यही कात्तिक २ गते आयोगमा निवेदन दिएको छ । यो दलले 'क्रस खुकुरी' निर्वाचन चिन्ह मागेको छ ।

यसैगरी आयोगमा निर्वाचन घोषणापूर्व दर्ताको निवेदन प्राप्त भएका १० दलको कागजात नपुगेकाले स्वीकृति नदिइएको उनको भनाइ छ । त्यसमा उज्यालो नेपाल, राष्ट्रिय परिवर्तन पार्टी लगायत छन् । आयोगले कागजात पुगेकाको हकमा दर्ताको निवेदन दिएको ४५ दिनभित्र निर्णय दिने गरेको जनाएको छ । आयोगमा यसअघि १ सय २२ दल दर्ता भएकामा यसबीचमा दुई दल विभाजन भई १ सय २४ दल पुगेका छन् ।

### दल दर्ताका लागि आवश्यक कागजात

नेपालको संविधान, २०७२ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम राजनीतिक दल दर्ताको निवेदनका लागि दलको विधान, नियमावली र घोषणापत्र २/२ प्रति, झण्डा, लोगो, छाप, रोजिएको चुनाव चिन्ह, दलको नाम र सो दलको प्रधान कार्यालयको ठेगाना, केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको केन्द्रीयस्तरको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना, दलको आयस्रोतको कोष र सो जुटाउने स्रोतको विवरण आदि खुलाउनुपर्छ ।

यस्तै, विधान वा नियमावलीमा भएको लोकतान्त्रिक व्यवस्था वा विधान वा नियमावलीमा गर्ने लोकतान्त्रिक व्यवस्था, विधान वा नियमावलीमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका प्रत्येक तहका पदाधिकारीको निर्वाचन हुने व्यवस्था, विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरूसमेत रहने समावेशी व्यवस्था, दलको विधानमा दलका सदस्यहरूलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था, केन्द्रीय भेलाबाट केन्द्रीय कार्यसमितिको चयन, विधान, झण्डा, लोगो कुन राख्ने चुनाव चिन्ह कुन रोज्नेसम्बनधी निर्णय भएको हुनुपर्ने हुन्छ । यसैगरी केन्द्रीय पदाधिकारीको नागरिकताको प्रमाणित प्रतिलिपि, निवेदन दर्ताका लागि सो निवेदन, विधान, नियमावली र घोषणापत्रमा सबै केन्द्रीय समितिका पदाधिकारीको हस्ताक्षर लगायतका सामग्री संलग्न भएको हुनुपर्छ ।

### निर्वाचन सूचना प्रकाशन

निर्वाचन प्रयोजनका लागि आयोगले सूचना प्रकाशन गरेपछि पुराना र यी नयाँ दलले पुनः दल दर्ताको निवेदन दिनुपर्ने हुन्छ । त्यसअघि नयाँ दलले दर्ताको निवेदन स्वीकृत गराई दर्ता प्रमाणपत्र लिइसकेको हुनुपर्छ । आयोगले गत असोज २० गते स्वीकृत गरेको निर्वाचन कार्यतालिका अनुसार यही कात्तिक २८ गते निर्वाचन प्रयोजनाका लागि दल दर्ताको सूचना प्रकाशन हुनेछ । सोका लागि आयोगले आगामी मङ्सिर १ गतेदेखि १० गतेसम्म १० दिनको समय दिनेछ । यसरी दर्ता गर्ने दलले मात्र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनका दल दर्ताका लागि निवेदन दिन पाउनेछन् ।

### सरकार र दलहरू संवादमा

निर्वाचनको वातावरण बनाउने सन्दर्भमा यही कात्तिक ४ गते प्रधानमन्त्री सुशीला कार्कीले राजनीतिक वातावरण बनाउन विघटित संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न दलसँग छलफल गर्नुभएको थियो । प्रमुख दलहरूले संसद् विघटनको न्यायिक परीक्षण, निर्वाचन सुरक्षाको वातावरणको सुनिश्चितता र सरकार-दलबीचको सौहार्द संवादको अवस्थामा निर्वाचनमा जान आफूहरू तत्पर रहेको जनाउँदै आएका छन् । ■


# LAW OFFICES OF GIRIJA P. GAUTAM, PLLC.

## Immigration Attorney for effective representation in all Family based Immigration matters

**Kinds of immigration matters including:**

- Representation before Immigration Court
- Fiance Visa (K-1)
- H-1B, L-1, and O-1 Visas
- EB-1 (people with extraordinary ability)
- EB - 5 (green card for family by investing $800k or $1 million plus
- Any other legal matter

**FREE** consultation by appointment only



Tel.: (347) 813-4431

72-28 Broadway, 3rd Floor
Jackson Heights, NY 11372

Email: info@gautamlaw.com | www.gautamlaw.com



डा. अरूणा उप्रेती

# चिनी
## मुटु र दाँतको दुस्मन

सन् १८८५ बाट चिनीको प्रयोग कोकाकोलामार्फत सुरू भयो । त्योबेला कोकलाई 'ब्रेन टनिक' अर्थात् मस्तिष्क तीक्ष्ण पार्ने वस्तु भनेर गलत प्रचार गरियो । चिनी बनाउने कम्पनीले जति खायो उति राम्रो भनेर प्रचारप्रसार गरे । तर, जिब्रोको स्वादका लागि सेवन गरेको चिनी हानिकारक छ, यसले क्षणिक उत्तेजना दिए पनि दीर्घकालीन रूपमा भने मानव स्वास्थ्यमा असर पुऱ्याउँछ ।

चिनी खान जति गुलियो छ, उति नै स्वास्थ्यका लागि पनि हानिकारक छ । चिनी हाम्रो भान्छादेखि पूजाआजामा पनि प्रयोग हुने गर्दछ । भनिन्छ, चिनी धेरै खायो भने तीतो हुन्छ । स्वादमा मात्र होइन, यसले हाम्रो स्वास्थ्यमा पार्ने असरका दृष्टिले पनि उपयुक्त छैन । चिनीको प्रयोग धेरै वर्षअघिदेखि हुँदै आएको छ । करिब २५ सय वर्षअघि उखुबाट चिनी बनाउने प्रक्रिया भारतबाट सुरू भयो र बिस्तारै चीन, पश्चिम अफ्रिका, ब्राजिल हुँदै विश्वभर फैलियो । प्रारम्भमा चिनी उत्पादन गर्नु खर्चिलो हुने भएकाले धेरै महँगो पर्थ्यो र धनी मानिसहरूले मात्र चिनी प्रयोग गर्न सक्थे । राजा-महाराजालाई अन्य सुन र चाँदीका गहनाजस्तै गरेर चिनीलाई उपहारस्वरूप दिइने चलन थियो । जब संसारका विभिन्न ठाउँमा चिनीको उत्पादन हुन थाल्यो, तब आम मानिसले पनि यसको प्रयोग गर्न थाले ।

सन् १८८५ बाट चिनीको प्रयोग कोकाकोलामार्फत सुरू भयो । त्योबेला कोकलाई 'ब्रेन टनिक' अर्थात् मस्तिष्क तीक्ष्ण पार्ने वस्तु भनेर गलत प्रचार गरिएको थियो । चिनी बनाउने कम्पनीले मानव शरीरमा चाहिने ऊर्जा ग्लुकोजले दिन्छ र चिनी खाएपछि शरीरमा ग्लुकोज पुग्छ । शरीरमा स्फूर्ति आउँछ । अर्थात् जति खायो उति राम्रो भनेर प्रचारप्रसार गरे । तर, जिब्रोको स्वादका लागि सेवन गरेको चिनी हानिकारक छ, यसले क्षणिक उत्तेजना दिए पनि दीर्घकालीन रूपमा भने मानव स्वास्थ्यमा असर पुऱ्याउँछ ।

सन् १९२८ मा 'चिनी स्वस्थकर' भनेर विज्ञापन नै सुरू भयो । गर्मीको समय सर्बतमा जाडोमा पेयपदार्थमा चिनी हालेर खाँदा रोग-प्रतिरोधात्मक शक्ति बढ्छ भनेर भ्रामक प्रचार गरियो । यस्तो विज्ञापनबाट प्रेरित भएर अमेरिकामा चिनीको प्रयोग बढ्न




थाल्यो । बिस्तारै त्यहाँ मोटोपन पनि बढ्न थाल्यो । चिनी कम्पनीहरूले अनुसन्धानकर्ता र स्वास्थ्यकर्मीलाई पैसाले गोजी भरिदिँदै 'चिनी स्वस्थकर छ' भनेर अनुसन्धानको निचोड निकाल्न लगाए र धेरै प्रचारप्रसार गरे । तर, जनस्वास्थ्य विज्ञहरूले चिनीको खराबीको बारेमा बोल्न थाले । जब २० औं शताब्दीमा अमेरिकामा मधुमेह, फ्याटी लिभर, कब्जियत, अल्सर, ग्यास्ट्राइटिस र मोटोपन बढ्न थाल्यो र अस्पतालमा अनेक समस्या लिएर मानिसहरू आउन थाले, तब मात्र जनस्वास्थ्य विज्ञले भनेको कुरामा विश्व समुदायले विश्वास गर्न थाले ।

चिनीले मानिसको मोटोपन बढाउने, मधुमेह गराउने र मुटुरोग लाग्ने भएकाले यसको प्रयोग कम गर्न विश्व स्वास्थ्य सङ्गठनले बोल्न आवश्यक छ भनेर केही जनस्वास्थ्य विज्ञहरूले सन् २००२ मा सुझाव दिएका थिए । त्यसपछि सो सङ्गठनले 'हामीले खानाबाट प्रत्येक दिन प्राप्त गर्ने क्यालोरी (शक्ति)मध्ये १० प्रतिशतभन्दा बढी चिनीबाट लिनु हुँदैन' भन्यो । अर्थात् हामीले लिने शक्तिको स्रोतमध्ये चिनी १० प्रतिशतभन्दा कम नै हुनुपर्छ र ९० प्रतिशत अन्य खानाको स्रोतबाट प्राप्त गर्नुपर्छ ।

यो कुरा प्रकाशमा आएपछि विशेषगरी अमेरिकाका चिनी उत्पादन गर्ने ठूला कम्पनीहरूले 'विश्व स्वास्थ्य सङ्गठनले जनतामा भ्रम फैलायो' भनेर आक्रोश पोखे । उनीहरूले विश्व स्वास्थ्य सङ्गठनलाई दिने सहयोग कटौती गर्ने निर्णय पनि गरे । साथै, ती कम्पनीले अमेरिकाको सिनेटमा प्रभाव पारेर 'चिनीले खराबी गर्ने कुरा प्रचार गरेमा विश्व स्वास्थ्य सङ्गठनलाई अमेरिकाबाट दिँदै आएको आर्थिक सहयोग रोकिदिने धम्की पनि दिन लगाए । चिनी उत्पादक कम्पनीहरूले भनेका थिए, 'हामीले खानाबाट प्राप्त गर्ने दैनिक क्यालोरीमध्ये २५ प्रतिशतसम्म चिनीबाट प्राप्त गर्दा पनि हुन्छ ।' तर, जनस्वास्थ्य विज्ञहरूले यो कुरालाई अस्वीकार गरे र धेरै चिनीको उपभोगबाट जनस्वास्थ्यमा हुने हानिका बारेमा आमजनतालाई निरन्तर जागरुक गर्न प्रयत्न गरे ।

चिनीले मानिसको स्वास्थ्यमा कसरी खराबी गर्छ भन्ने विषयमा सन् १९७२ मा नै डा. जोन युड्किनले 'विषालु सेतो चिनी' नामक अनुसन्धानात्मक पुस्तक प्रकाशित गरेका थिए । तर, उनको यो अनुसन्धान र अनुभवलाई अमेरिकाका चिनी र चिनीजन्य गुलियो पदार्थ उत्पादन गर्ने कम्पनीले हावामा उडाउने कार्य गरेका थिए । साथै, अपवाह फैलाउने कार्य हो भनेर विरोध पनि जनाएका थिए । तर, हाम्रो भान्सामा दिनहुँ प्रयोग हुने यस्तो सेतो चिनी एक प्रकारको मन्द विष नै हो । कतिपय मानिसहरू 'सेतो चिनी' राम्रो होइन तर 'खैरो चिनी' चाहिँ स्वस्थकर हो भन्ने ठान्दछन् । वास्तवमा यो कुरा बिल्कुलै सही होइन । प्रारम्भमा चिनीका बारेमा लेख्ने अनुसन्धानकर्ताले मुसामा चिनीको विभिन्न तरिकाले प्रयोग गरेर अध्ययन गरेका थिए । सो शोध अध्ययनअनुसार चिनी प्रयोग गरिएका मुसाहरूमा मुटुरोग, बिर्सने रोग र बाथको रोग बढेको पाइयो । चिनीले मानिसमा पनि विभिन्न किसिमका रोग उत्पन्न गर्ने कुरा अनुभव र अनुसन्धानले सिद्ध गरिसकेको छ ।

परम्परागत भोजनशैलीमा परिवर्तन भएकाले चिनीको उपभोग धेरै भएको पाइन्छ । हामी बिहान उठेदेखि बेलुकासम्म अनेक तरिकाले चिनी उपभोग गर्छौं । उदाहरणका लागि चिया, दूध, केक, कुल्फी, विस्कुट, पाउरोटी आदिमा चिनी प्रशस्त प्रयोग भएको पाइछ । चाडबाड र देवीदेवताका प्रसादको रूपमा त झन् चिनीको मात्रा धेरै प्रयोग हुन्छ । केटाकेटीको बिहान र दिउँसोको खाजामा पनि धेरै चिनीको प्रयोग हुने भएकाले नेपाली केटाकेटीमा दाँतसम्बन्धी समस्या उच्च छ । उच्च रक्तचाप, मोटोपन, मधुमेहजस्ता समस्याहरूको एउटा प्रमुख कारकका रूपमा चिनी रहेको प्रमाणित भएको धेरै भइसकेको छ, तर पनि हामी यसतर्फ त्यति सचेत भइरहेका छैनौं ।



चिया, दूध, केक, कुल्फी, विस्कुट, पाउरटी आदिमा चिनी प्रशस्त प्रयोग भएको पाइछ । केटाकेटीको बिहान र दिउँसोको खाजामा पनि धेरै चिनीको प्रयोग हुने भएकाले नेपाली केटाकेटीमा दाँतसम्बन्धी समस्या उच्च छ ।

विश्व स्वास्थ्य सङ्गठनले सन् २०१४ मा 'वयष्कलाई दैनिक पाँच चम्चाभन्दा बढी र बालबालिकालाई तीन चम्चाभन्दा बढी चिनी खान नदिनु भने पनि अहिले हाम्रो भोजनमा त्योभन्दा निकै बढी मात्रामा चिनी प्रयोग भएको पाइन्छ । सस, बिस्कुट, चाउचाउ आदि गुलियो जस्तो नलाग्ने खानामा पनि चिनी मिसाइएको हुन्छ । त्यस्तै गरी बट्टाबन्द र प्याकेटबन्द गरेको मासु, सुप, स्वस्थकर नास्ता भनिएका बट्टाका बजारे भोजन (जस्तो- मुसेली, कर्नफ्लोर) मा पनि चिनी मिसिएको

हुन्छ । तर, प्रायः यो कुरा हामी वास्ता नै गर्दैनौं, चिनी भएको थाहा नै नपाई हामी त्यसको उपभोग गरिरहेका हुन्छौं । त्यसैगरी, हर्लिक्स, बोर्नभिटा, भिभा आदि पेयपदार्थ, लस्सी, कोक, फन्टा, पेप्सी, डिउ, मेरिन्डा, फ्रुटी, एपी, सर्बत, लस्सी आदि चिसा पेयपदार्थहरूमा अधिक मात्रामा चिनी मिश्रण हुन्छ ।

चिनी भएको वस्तु खाएपछि यसले दाँतको इनामेल गालेर दाँतमा प्वाल पार्छ । बच्चाको आहारा जस्तो-बोतल बन्द दूध तथा पेय पदार्थहरूमा मिसाइएको गुलियो पदार्थले उनीहरूको कलिलो दाँतमा गम्भीर असर गरेको हुन्छ । तर बच्चाका अभिभावक यस्ता खानामा भएको चिनीले बच्चालाई नोक्सानी गर्छ भन्नेबारेमा अनभिज्ञ छन् । नेपालको सन्दर्भमा कुरा गर्दा मिठाईहरू, गुँदपाक, पुष्टकारी, केक, आइसक्रिम, सेल, मालपुवा आदिमा पनि ठूलो मात्रामा चिनी मिसाइएको हुन्छ र त्यसलाई हामीले अन्धाधुन्ध रूपमा प्रयोग गरिरहेका छौं ।

एक लिटर हलुका पेयमा औसत १४ चम्चा चिनी राखिएको हुन्छ । यसबारेमा हामीले कहिल्यै विचार गरेका हुँदैनौं । तर, खाँदा त्यति गुलियो नलागे पनि यसमा भएको अत्यधिक चिनीले हाम्रो स्वास्थमा प्रतिकूल असर पारिरहेको हुन्छ । अङ्ग्रेजीमा सुगर भनिने चिनीका माल्टोज, फुल्टोज, ल्याक्टोज आदि अनेक रूपाकारहरू छन् । कतिपय फलफूलको बट्टामा 'सुगर फ्री' भनेर लेखिएको हुन्छ । तर माल्टोज, फुल्टोज, सुक्रोज आदि स्वरूपमा चिनी रहेको हुन्छ र हामी नजानेर यसको उपभोग गरिरहेका हुन्छौं ।


मकैबाट पनि चिनी बनाइन्छ । विशेषगरी चकलेट, कुकिज बिस्कुट बनाउँदा यसको प्रयोग गरिन्छ । यस्तो प्रकारको गुलियो पदार्थ र पेयले कोलेस्टेरोल (खराब बोसो)को मात्रा बढाउँछ । खराब बोसो बढेपछि यो मुटुका धमनीका भित्ताहरूमा लेउजस्तै टाँसिन पुग्दछ । यसकारण धमनीहरू साँघुरिने वा कडा हुने जटिलता उत्पन्न हुन थाल्छ । यसो हुनेबित्तिकै मुटुका मांसपेशीहरूमा धमनीबाट रगत, अक्सिजन र पोषक तत्व आवश्यक मात्रामा पुग्न सक्दैन । अनि मुटुका मांसपेशीहरू मर्दछन् र हृदयाघात निम्तिन्छ ।

त्यसैगरी शरीरलाई आवश्यक नपरेको चिनी चिल्लो पदार्थ या बोसोमा परिणत हुन्छ । यसैकारण मुटु तथा रक्तनलीमा अवरोध पुग्छ । वरिष्ठ मुटुरोग विशेषज्ञ डा. अवनिभुषण उपाध्यायका अनुसार गुलियो ज्यादै खाँदा डायविटिजको जोखिम बढ्छ । चिनी, सख्खर हालेका वस्तुबाहेक सुगर फ्री कोक, जुस, मह आदि जुनसुकै रूपमा खाए पनि चिनी चिनी (सुगर वा गुलियो वस्तु) नै हो । जसरी खाँदा पनि यदि चिनीको मात्रा बढी छ भने त्यसले असर गर्छ । 'सुगर फ्री' भनिएको वस्तु वास्तवमा 'सुगर फ्री' हुँदैन । स्याक्रिन हालिएको चिया या अन्य पेयपदार्थ स्वास्थ्यका लागि झनै भयानक हुन्छन् । यसले मुटुलाई बिगार्छ । ■

*(लेखक जनस्वास्थ्य तथा पोषणविद् हुनुहुन्छ)*



# FRIENDS CORNER CAFE'S
# JUJU MoMoS USA






- Remember us for our delicious Chicken, Beef and Veg. Momos.
- Available in a variety of styles including Frozen, Fried, Steamed, Kothe, Jhol and more...

39-30A 61st Street, Woodside, NY 11377

**+1(347)-396-5741**





**JEEVAN BOM**
**Owner / President**
**+1(718)-672-9500**



- Visit us for authentic Thakali cuisine, Thali, MoMo, Sekuwa, Dhindo, Choila, Gundruk, Yomari & more...
- Private party hall available for up to 50 guests- perfect for baby showers, birthdays & special events.

KATHMANDU Fusion Kitchen

## KATHMANDU FUSION KITCHEN INC.
**39-26 61st STREET, WOODSIDE, NY 11377**



# सुवासको संघर्ष र सफलता यात्रा

# स्याङ्जा, भिरकोटबाट ओमान टेलसम्म

ओमानको व्यस्त सडकहरूमा नेपाली समुदायबीच एउटा नाम चर्चित छ- सुवास काफ्ले । ओमान टेल, ओमानको सरकारी मोबाइल सेवा प्रदायक कम्पनीको फाइभ जी टेक्निकल लिडका रूपमा कार्यरत सुवासलाई त्यहाँका नेपालीले नचिन्ने सायदै होलान् । स्याङ्जाको भिरकोट नगरपालिका, मगरस्वाँरामा विसं २०३८ सालमा जन्मिएका सुवासको गाउँको जीवन गरिबी र संघर्षले भरिएको थियो । तर, उनको मेहनत र लगनशीलताले आज उनलाई ओमान सरकारको स्वामित्वको ओमान टेल फाइभ जी प्रविधिको टेक्निकल लिड बनाएको छ ।

स्याङ्जाको मगरस्वाँरा, जहाँ सुवासको बाल्यकाल बित्यो, त्यहाँ दुई छाक भात खान समस्या थियो । साविकको बानेथोक देउराली गाविसमा पर्ने मगरस्वाँरामा हुर्किएका सुवासको परिवार आर्थिक अभावले सधैं पिरोलिन्थ्यो । तर, यही अभावले उनलाई सपना देख्न र ती सपनालाई साकार पार्न प्रेरित गऱ्यो । सानै उमेरदेखि उनमा केही गर्ने अठोट थियो । पढाइमा अब्बल सुवासले आफ्नो शिक्षालाई निरन्तरता दिँदै प्राविधिक क्षेत्रमा आफूलाई स्थापित गर्ने बाटो रोजे ।

नेपालको ग्रामीण परिवेशबाट ओमानको उज्यालो शहरसम्मको यात्रा सुवासका लागि सजिलो थिएन । तर, उनको दृढ संकल्प र प्राविधिक ज्ञानले उनलाई ओमान टेलमा प्रवेश गर्ने अवसर दिलायो । मेहनत र लगनले उनी टेक्निकल प्रमुखको पदसम्म पुगे, जहाँ उनले फाइभ जी प्रविधिको नेतृत्व गरिरहेका छन् । यो उपलब्धि उनको व्यक्तिगत सफलता मात्र होइन, नेपाल र नेपालीका लागि गर्वको विषय पनि हो ।

सुवासको कथा केवल व्यक्तिगत सफलतामा सीमित छैन । उनले आफूलाई सम्पन्न बनाएर मात्र सन्तुष्टि

लिएनन्, बरू समाजसेवामा पनि उत्तिकै सक्रिय छन् । नेपालमा प्राकृतिक विपत्तिको समयमा उनले महत्वपूर्ण सहयोग पुऱ्याएका छन् । बाढी, भूकम्प वा अन्य संकटमा उनको सहायता नेपाली समुदायका लागि आशाको किरण बनेको छ । नेपालमा कसैको पैसाको कमीले उपचार अभाव होस् वा दुःखको अवस्था होस्, त्यो बेला सुवासले परोपकारी काममार्फत सुवास नै छर्छन् ।

ओमानमा रहेका नेपाली श्रमिकहरूका लागि सुवास एक अभिभावक जस्तै छन् । अलपत्र परेका नेपालीको उद्धार, नेपाली श्रमिकको शवलाई नेपाल पठाउने व्यवस्था, रोजगारी गुमाएका नेपालीलाई सहयोग, र घरेलु कामदारका रूपमा ओमान पुगेका नेपाली महिलाहरूका अप्ठ्यारामा उनको साथ सधैं रहन्छ । चाहे कानुनी सहायता होस् वा आर्थिक, सुवास सधैं अगाडि उभिन्छन् । यिनै सुवासको जीवनका विभिन्न पक्षका बारेमा आज हामीले चर्चा गर्दैछौं ।

### पारिवारिक अवस्था

सुवास अहिले परिवारसहित ओमानको मस्कटमा बस्छन् । उनीसँग आठ वर्षीया छोरी र केही महिना मात्रको छोरा, साथमा जीवनसंगिनी छन् । यिनै हुन् उनका दैनिकीका आधार । नेपालमा आमा-बुबा भैरहवामा स्थायी रूपमा बस्छन् । भाइ अमेरिका, टेक्ससमा व्यवसाय सञ्चालन गर्छन् भने बहिनी न्युजिल्याण्डमा वित्तीय मामिला हेर्नेगरी अस्पतालमा कार्यरत छन् । भाइ-बहिनी दुवैको विवाह भइसकेको छ । यसरी हेर्दा सुवासको परिवार चारै दिशामा फैलिएको छ, तर हरेक सदस्य आफ्नै संघर्ष र मेहनतको बाटोमा अडिग छन् ।

स्थानीय विद्यालयमा कक्षा ७ पढ्दै गर्दा उनले बिहान-बेलुकी घाँसको भारी बोक्नु पर्थ्यो । तर, २०५३ सालतिर सुवासको जीवनमा निर्णायक मोड आयो । गाउँमा कक्षा सातसम्म पढिरहेका उनी बाबुलाई पसलमा सघाउन र पढाइलाई निरन्तरता दिन भैरहवा झरे । उनका पिता शिक्षण पेशाबाट राजीनामा दिएर २०४२ सालदेखि भैरहवाको गल्लामण्डीमा आलु-प्याजको थोक व्यवसायमा लागेका थिए । आमा भने गाउँमै खेतबारी र पशुपालनमा व्यस्त हुन्थिन् ।

### एउटा कोठा नै उनको जीवन

भैरहवामा सुवास र उनका बुबाले एउटा कोठा भाडामा लिए । त्यही कोठा उनीहरूको बस्ने, सुत्ने र पकाउने सबै थलो थियो । अर्थात् उनका लागि जीवनको सबै कुरा । कोठाको धुलाम्य वातावरणमै सुवासले नयाँ जीवनको सुरूवात गरे ।

भैरहवामा आएपछि उनी सनसाइन बोर्डिङ स्कुलमा भर्ना भए । पढाइमा लगनशील सुवासले एसएलसी प्रथम श्रेणीमा उत्तीर्ण गरे । त्यसपछि उनले तिलोत्तमा क्याम्पसमा प्लस टु साइन्स अध्ययन जारी राखे । कठिनाइबीच पनि इन्जिनियर बन्ने सपना उनले बिर्सेनन् । तर, आर्थिक अवस्था कमजोर थियो । पढाइ जारी राख्न उनले पटक-पटक ठूलो चुनौतीको सामना गरे । परिवारको सामान्य आयले सबै सम्भव थिएन ।

इन्जिनियरिङ अध्ययन गर्न उनले ऋण लिनुपर्ने भयो । आमाले गाउँमा बाख्रा पालेको आम्दानी उनलाई पठाइदिन्थिन् । हजुरआमाले वृद्धभत्ताको पैसा संकलन गरेर नातिले पढाइ जारी राखोस् भन्ने भावनाले हातमा थमाइदिन्थिन् । यी क्षण सम्झिँदा आज पनि सुवास भावुक बन्छन्- 'त्यो समय सम्झँदा मनमा अझै पीडा हुन्छ ।'

कठिनाइबीच पनि उनले हार मानेनन् । ऋण बोकेरै भए पनि उनी नेपाल इन्जिनियरिङ कलेज, चाँगुनारायण भक्तपुरमा भर्ना भए । इलेक्ट्रोनिक्स तथा टेलिकम्युनिकेसन विषयमा ब्याचलर पढ्दै उनले सन् २००६ मा स्नातक अध्ययन पूरा गरे । त्यसबेला उनको नाममा जम्मा ७ लाख ५० हजार रूपैयाँ ऋण थियो ।

### संघर्षको नयाँ अध्यायको सुरूवात

जीवनको प्रत्येक मोडमा संघर्ष र त्यागको छाप छोड्दै सुवासले शिक्षा पूरा गरे । आमाको बाख्रापालनदेखि हजुरआमाको वृद्धभत्ता र बुबाको पसिनासम्म मिसिएको मेहनतले उनलाई यहाँसम्म ल्याएको छ । यही कारण उनका आँखामा पढाइका दिन सम्झिँदा आज पनि आँसु टल्किन्छ ।

सन् २००६ मा इलेक्ट्रोनिक्स तथा टेलिकम्युनिकेसन इन्जिनियरिङमा स्नातक पूरा गरेपछि सुवास काफ्लेको जीवनमा संघर्षको नयाँ अध्याय सुरू भयो । पढाइ सकेर हातमा डिग्री त थियो, तर तत्कालै स्थायी जागिर भने भेटिएन । उनले आफ्नो करियरको सुरूवात शिक्षणबाट गरे- काठमाडौंस्थित एभरेष्ट इन्जिनियरिङ कलेजमा । एक पिरियड पढाउँदा २५०

**सुवासले प्राप्त गरेको अनुभव**

| कार्यरत संस्था | देखि | सम्म |
|---|---|---|
| एभरेष्ट इन्जिनियरिङ कलेज | अगष्ट २००६ | फेब्रुअरी २००७ |
| हुलास स्टिल | मार्च २००७ | मार्च २००९ |
| हेल्लो नेपाल | मार्च २००९ | फेब्रुअरी २०१० |
| एनसेल, (अण्डर मोबिकोन) | फेब्रुअरी २०१० | नोभेम्बर २०११ |
| इरिक्सन इन्डिया | डिसेम्बर २०११ | अक्टोबर २०१२ |
| इरिक्सन म्यानमार | अक्टोबर २०१२ | मार्च २०१३ |
| इरिक्सन भियतनाम | मार्च २०१३ | अक्टोबर २०१३ |
| एमसिआइ तेहरान | नोभेम्बर २०१३ | जुलाई २०१४ |
| इरिक्सन इरान | नोभेम्बर २०१४ | सेप्टेम्बर २०१७ |
| इरिक्सन टर्की | अक्टोबर २०१७ | मार्च २०१८ |
| इरिक्सन इरान | अक्टोबर २०१८ | जुलाई २०१९ |
| इरिक्सन ओमान | अगष्ट २०१९ | हालसम्म |

रूपैयाँ मात्र पाउने व्यवस्था थियो । महिनाको जम्मा तीन हजार रूपैयाँ कमाइले राजधानीको महँगो जीवनयापन धान्न असम्भव नै थियो । उनले थप ऋण लगाउँदै अगाडि बढे ।

त्यसपछि उनले हुलास स्टिलको प्राविधिक क्षेत्रमा आफ्नो क्षमता परीक्षण गर्ने निर्णय गरे । हुलास स्टिलमा टेलिकम्युनिकेसन प्राविधिकका रूपमा करिब दुई वर्ष काम गरे । त्यतिबेला हुलास स्टिलले नेपाल दूरसञ्चार प्राधिकरणको ठेक्का लिएर काम गर्दै आएको थियो, जसले सुवासलाई प्राविधिक क्षेत्रमा महत्वपूर्ण अनुभव दियो ।

**हेलो नेपालमा आबद्ध**

यसपछि सुवास अजयराज सुमार्गीको हेलो नेपालसँग आबद्ध भए । त्यहाँ १८ महिनासम्म कोर टिमको हिस्सा बनेर महत्वपूर्ण जिम्मेवारी पूरा गरे । हेलो नेपालमा हासिल गरेको अनुभवले उनलाई अन्तर्राष्ट्रिय स्तरमा अघि बढ्ने आधार तयार गरिदियो । हेलो नेपालले तत्कालीन समयमा मध्य तथा सुदूरपश्चिमको पहाडी क्षेत्रमा राम्रो प्रभाव राखेको थियो ।

सन् २०१० मा टर्किस कम्पनीमार्फत एनसेलमा काम गर्ने उनले अवसर पाए । यसले उनको करियरलाई नयाँ दिशा दियो । तर, वास्तविक अन्तर्राष्ट्रिय यात्रा भने सन् २०११ मा स्वीडेनको प्रख्यात कम्पनी एरिक्सनसँग काम सुरू गर्दा सुरू भयो । भारतको कोलकातामा बसेर उनी पूर्वोत्तर भारतका विभिन्न राज्यमा एयरटेलका लागि सिनियर इन्जिनियरको रूपमा काम गर्न थाले ।

**तेहरानको भिन्दै अनुभव**

सुवासको पेशागत यात्रा यतिबाट अझै फराकिलो भयो । सन् २०१३ मा उनी भियतनाम पुगे । त्यहाँ काम गर्दा उनलाई पाँच महिनाका लागि म्यानमार पठाइयो । त्यसपछि उनी नेदरल्याण्डमा आठ महिनासम्म कार्यरत भए ।

तर, जीवनको विशेष मोड भने सन् २०१४ मा आयो, जब उनी इरानमा एरिक्सनमार्फत टेलिकम्युनिकेसन क्षेत्रमा टेक्निकल हेड बने । पाँच वर्षसम्म तेहरानमा

जीवनको प्रत्येक मोडमा संघर्ष र त्यागको छाप छोड्दै सुवासले शिक्षा पूरा गरे । आमाको बाख्रापालनदेखि हजुरआमाको वृद्धभत्ता र बुबाको पसिनासम्म मिसिएको मेहनतले उनलाई यहाँसम्म ल्याएको छ । यही कारण उनका आँखामा पढाइका दिन सम्झिँदा आज पनि आँसु टल्किन्छ ।



बसेर उनले सिनियर टेक्निकल एक्सपर्टको रूपमा महत्वपूर्ण परियोजनाहरूको नेतृत्व गरे । इरानमा उनले अन्य ठाउँभन्दा भिन्दै अनुभव बटुलेको बताउँछन् ।

तेहरान उनका लागि जीवनकै 'सबैभन्दा वेष्ट अनुभव' हुने शहर बन्यो । पेशागत सफलता मात्र होइन, आर्थिक रूपमा पनि उनी बलियो बन्दै गए । मध्यपूर्वको सभ्यता र नेपाली संस्कृतिको सम्मिश्रण उनले तेहरानमा अनुभव गर्न पाए । लामो समयसम्म काम गरेकाले उनले संसारका धेरै देशभन्दा भिन्न उनले इरानलाई लिने गरेका छन् । अनुभव मात्र होइन आर्थिक क्षेत्रमा पनि उनको जीवनले फड्को नै मार्‍यो ।

सन् २०१९ मा सुवासको यात्रा फेरि मोडियो । यसपटक गन्तव्य थियो- ओमान । प्रारम्भमा सिनियर इन्जिनियरका रूपमा काम सुरू गरेका उनले २०२३ देखि 'ओमानटेल'मा टेक्निकल म्यानेजरको जिम्मेवारी सम्हालेका छन् । ओमानमा पनि उनी एरिक्सनमार्फत पुगेका हुन् । आज उनी त्यहाँको आधुनिक दूरसञ्चार प्रविधि विकासमा सक्रिय योगदान दिइरहेका छन् । ओमानलाई एक वर्षभित्र फाइभ जी राष्ट्र बनाउन उनले धेरै मेहनत गरेका छन् । जहाँबाट उनले परिवार र आफ्नो मात्र होइन, देशकै गौरवपूर्ण काम गरिरहेका छन् ।

**प्रेरणाको स्रोत**

सुवास काफ्लेले विद्यार्थी जीवनमा अपार अभाव भोगे । पढाइमा मेहनेती भए पनि फी तिर्न नसक्दा पटक-पटक समस्या व्यहोर्नुपर्‍यो । कहिलेकाहीं उपचारका लागि पैसाको अभावले बिरामी परे पनि चिन्तित बस्नुपर्थ्यो ।

पेटभरि भात खानु त परैको कुरा हुन्थ्यो । गाउँमा प्रायः कोदोको रोटी र मकैको आँटो तथा ठेलाले भोक मेटिन्थ्यो । जीवन त्यति कठिन थियो कि हजुरबुबा र हजुरआमाको निधन हुँदा पनि ऋण लिनु परेको थियो ।

यी सबै कठिनाइबीच सुवासलाई उकास्ने शक्ति भने उनका आमा र हजुरआमा थिए । इन्जिनियरिङ पढ्दा आमाले दुईवटा बाख्रा बेचेर पैसा पठाइन्- 'बाबु, लिन आ' भनेर बोलाइन् । हजुरआमाले

सुवासको परोपकारी बानी इरानमै रहँदादेखि सुरू भएको हो । त्यतिबेला नेपाल फर्किंदा ठूलो रकम क्यास ल्याउनु पर्ने हुन्थ्यो । उनले ल्याएको पैसामध्ये केही रकम वीर अस्पतालमा गएर गरिब बिरामीको उपचारमा खर्च गर्थे । अहिले पनि शिक्षा, स्वास्थ्यदेखि विपद् व्यवस्थापनसम्म उनी सामाजिक काममा योगदान दिइरहेका छन् ।



वृद्धभत्ता पटुकीमा गाँठो पारेर जम्मा गरेर पठाइन् । त्यही प्रेम र त्यागले सुवासलाई जीवनभरको प्रेरणा दियो ।

तर, अर्को पाटो त्यति सुखद थिएन । करोडौं सम्पति भएका आफन्तले ३३ हजारमध्ये जम्मा २४ सय रूपैयाँ दिन नमान्दा गहिरो पीडा भएको घटना उनले भुल्न सकेका छैनन् । तर, यही पीडाले उनलाई अझै दृढतापूर्वक अघि बढ्न प्रेरित गर्‍यो । आज त्यही आफन्तहरूले कृत्रिम नजिकपन देखाउँदा सुवास भित्रभित्रै व्यथित हुन्छन् । उनले ती आफन्तको व्यवहार अहिले पनि फेक लाग्छ ।

**संघर्षको बेला खुसीको क्षण**

सुवासका भाइ पढाइमा तेज थिए । उनको सपना थियो- अमेरिका जाने र उच्च शिक्षा हासिल गर्ने । अन्तर्राष्ट्रिय क्षेत्रमा आफूलाई स्थापित गर्नेगरी उच्च शिक्षा हासिल गर्न अमेरिका गएका भाइले पनि अमेरिकाको सरकारी सेवाअन्तर्गत टेक्निकल प्रमुखको रूपमा काम गरिरहेका छन् । भाइलाई सहयोग गर्न सुवासले आफ्नै सर्टिफिकेट राखेर ऋण खोजे । अमेरिकी दूतावासको इन्टरभ्युअघि पैसाको अभावले भाइसँग लगाउने लुगा पनि थिएन । अन्ततः सुवासले आफ्ना पुस्तक बेचेर जम्मा ११० रूपैयाँ पाए । त्यही पैसाले धरहरा नजिकैबाट भाइका लागि पाइन्ट र सर्ट किने । जुत्ता-चप्पल पनि थिएन ।

तर, यिनै स-साना त्यागका कारण भाइ अहिले टेक्सस, अमेरिका पुगेर राम्रो प्रगति गरेका छन् । सुवास यसलाई आफ्नो जीवनकै खुसी क्षण मान्छन् । 'म सन्तुष्ट छु, पुस्तक बेचेर भए पनि भाइलाई अमेरिकामा उच्च शिक्षा हासिल गर्नका लागि पठाउन सकें । पहिले पुराना पुस्तक किन्ने पसलमा पुगेर पुस्तक बेचेर भोलिपल्ट भाइलाई मैले दूतावासमा इन्टरभ्युका लागि पठाएको थिएँ । त्यो पल मेरा लागि निक्कै खुसीको पल हो । भाइले पनि अमेरिकामा उच्च शिक्षा हासिल गरेर राम्रो काम गर्दा खुसी छु ।'

आज सुवास सफल छन् । ओमान पुगेपछि उनले आफ्नो जन्मथलो स्याङ्जाको घरको हेरचाह अरूलाई जिम्मा दिएका छन् । भैरहवामा आमाबाबुका लागि दुईवटा घर बनाए । एउटा आमाबाबुले बस्नका लागि, अर्को भाडामा दिन -जसबाट महिनामा करिब ८० हजार रूपैयाँ आम्दानी हुन्छ । यसले उनीहरूलाई पेन्सनजस्तै स्थायी आय दिएको छ ।

त्यसैगरी उनले भैरहवा वरपर तीन ठाउँमा जग्गा किनेका छन् । काठमाडौंमा पनि दुई ठाउँमा जग्गा लिएका छन् । परिवार अहिले ओमानमा राम्रो जीवन बाँचिरहेको छ । परिवारको खुसी देख्दा सुवास आफैंलाई पनि सन्तुष्टि मिल्छ ।

सबैका लागि सबै क्षण सुखद हुँदैनन् । हजुरआमा बित्दा उनी कालिकोटको मान्ममा थिए । त्यो खबर सुनेपछि अन्तिम संस्कार कसरी गर्ने भन्ने चिन्ता उनमा थपियो- किनकि उनको हातमा पैसा थिएन । अन्ततः सहकर्मी चिरन दाइको सहयोगमा कम्पनीले अग्रिम ४२ हजार रूपैयाँ दिएपछि अन्तिम संस्कार सम्पन्न भयो । आज पनि सुवासलाई पीडा हुन्छ- 'वृद्धभत्ता जम्मा गरेर मलाई पढाउनुभएको हजुरआमाले मेरो प्रगति देख्न पाउनु भएन ।'

**सामाजिक काममा सक्रियता**

पेशा र परिवारसँगै सुवास सामाजिक सेवामा पनि उस्तै सक्रिय छन् । अहिले उनी एनआरएनए ओमानका उपाध्यक्ष हुन् । नेपालमा प्राकृतिक विपत्ति आउँदा वा उपचारमा कसैलाई आर्थिक अभाव पर्दा, उनी सधैं सहयोगका लागि अगाडि सर्छन् । भूकम्प होस् वा कोभिड महामारी, उनले आफ्नो क्षमताले पुगेको सहयोग गरेका छन् । ओमानमा अलपत्र परेका नेपालीको उद्धारदेखि शव व्यवस्थापनसम्म उनी सक्रिय हुन्छन् ।

सुवासको परोपकारी बानी इरानमै रहँदादेखि सुरू भएको हो । त्यतिबेला नेपाल फर्किंदा ठूलो रकम क्यास ल्याउनु पर्ने हुन्थ्यो । उनले ल्याएको पैसामध्ये केही रकम वीर अस्पतालमा गएर गरिब बिरामीको उपचारमा खर्च गर्थे । अहिले पनि शिक्षा,

स्वास्थ्यदेखि विपद् व्यवस्थापनसम्म उनी सामाजिक काममा योगदान दिइरहेका छन् ।

ओमानस्थित नेपाली संघ संस्थाले उनलाई पटक-पटक सम्मान गरेका छन् । कम्पनीले पनि उनलाई बेलाबेलामा राम्रो काम गरेको भनेर सम्मान पनि गरेको छ । परोपकारी कामको लिष्ट पनि लामै भएको उनी सुनाउँछन् । आफ्नो ज्ञान उनले गाउँमा समेत प्रयोग गरेका छन् । उनी सम्झिन्छन्, 'मैले आफ्नै गाउँ नजिक नेपाल टेलिकमको टावर स्थापना गराएकाले अहिले त्यो क्षेत्रमा सहज ढंगले मोबाइलको सञ्चार भएको छ ।'



### अनुकरणीय प्रगति

गाउँको सानो घरबाट सुरू भएको सुवास काफ्लेको यात्रा आज ओमानको सरकारी टेलिकम्युनिकसेन कम्पनीको म्यानेजरसम्म पुगेको छ । संघर्ष, अभाव, त्याग र परिवारको माया-प्रेरणाले उनको जीवनलाई अद्वितीय बनाएको छ । आफ्नै परिवार मात्र होइन, समुदाय र देशका लागि योगदान गर्न सक्ने उनको प्रतिबद्धताले सुवास काफ्लेलाई एउटा उदाहरणीय पात्र बनाएको छ । काफ्लेको जीवन कथा हरेक नेपालीका लागि प्रेरणादायी छ । गरिबी र अभावबाट सुरू भएको उनको यात्रा आज विश्वस्तरीय प्राविधिक नेतृत्व र सामाजिक सेवाको उदाहरण बनेको छ । उनको सफलताले देखाउँछ कि मेहनत, लगनशीलता र समाजप्रतिको जिम्मेवारीले जीवनमा ठूलो परिवर्तन ल्याउन सकिन्छ ।

आज सुवास काफ्ले केवल एक व्यक्ति होइनन्, उनी एक प्रतीक हुन्- संघर्षबाट सफलतातर्फको यात्रा र आफ्नो समुदायलाई साथमा लिएर हिँड्ने जिम्मेवारीको प्रतीक । उनको कथाले हामीलाई सिकाउँछ, 'सपनाहरू देख्न छोड्नु हुँदैन र ती सपनालाई साकार पार्न कठिन परिश्रम आवश्यक छ ।' ■

हरेक प्रकारको गाडी मर्मतका लागि सम्झनुहोस् ।

RYAN

57-09 37th Avenue
Woodside, NY 11377
Tel: 718-205-3590
Fax: (646) 577-3313

ULLAH

HUDSON
COLLISION & AUTO REPAIR
Auto body, Engine & Transmission
Email: hudsonmotersinc@gmail.com




# दुर्गा पूजा बडा दशैं तथा दीपावली मेला

**समय**

हरेक दिन बिहान १०:३० देखि
साँझ ७:३० बजेसम्म

**मेला सुरु हुने मिति**

अक्टोबर २४, बिहीबारदेखि
नोभेम्बर ३, २०२५ आइतबारसम्म ।

सम्पूर्ण स्टोरमा
४०% सम्म छुट









## This Diwali Celebration do your Shopping at ISP

हामी हरेक दिन नयाँ डिजाइनको पहिरन ल्याउँछौं ।

हामीसँग सबैभन्दा सुन्दर विवाहका सारी तथा
सिलाइका वस्त्रहरूको संग्रह छ !

**यस मौकामा भारी छुटको
अवसर लिनुहोस् ।**

यस वर्ष
**विशेष**

सम्पूर्ण स्टोरभरि
फेसनेबल सारी, विवाहका सारी,
फेन्सी ड्रेस (सलवार-कुर्था), पुरुषहरूको
कुर्था-पैजामा, बच्चाहरूका लागि विशेष
ड्रेस, नयाँ डिजाइनका सिल्क सारी,
बनारसी, काँचिपुरम, कोटा,
चिफन, शिफन, क्रेप
आदि विशेष छुटमा
उपलब्ध छ ।





**ISP**

SINCE 1971

**INDIA SARI PALACE**

**NEW YORK**
37-07, 74th Street, Jackson Heights, Queens, New York, NY 11372
Tel: (718) 426-2700 । email: ispny@hotmail.com

**Chicago Store**
2534 West Devon Avenue, Chicago, IL 60659
Tel: 773-338-2127

# फ्रान्सका पूर्व राष्ट्रपति सारकोजीलाई जेल सजाय



पेरिस, (एजेन्सी) । फ्रान्सका पूर्व राष्ट्रपति निकोलास सारकोजीले सन् २००७ को राष्ट्रपतीय निर्वाचनका लागि लिबियाबाट अवैध रूपमा आर्थिक सहयोग लिएको आरोपमा दोषी ठहर गरिएको छ । उनी युरोपेली सङ्घको इतिहासमा जेल सजाय भोग्ने पहिलो पूर्व राष्ट्रप्रमुख बन्ने भएका छन् ।

कारावास सजाय र प्रक्रियागत जानकारी सारकोजीलाई पेरिसस्थित ला सान्ते नामक कारागारमा राखिने बताइएको छ । उनलाई एकान्त कक्षमा राखिने जानकारी आएको छ, जसबाट अन्य कैदीहरूसँग प्रत्यक्ष सम्पर्क सीमित हुनेछ । यस व्यवस्थाबाट सम्भावित सुरक्षा जोखिम घट्ने विश्वास गरिएको छ । जेल प्रशासनका अनुसार, सारकोजीलाई दिनको एकपटक एक्लै बाहिरी प्राङ्गणमा हिँड्न दिने सुविधा दिइनेछ ।

अदालतको निर्णय र कानुनी प्रक्रिया सारकोजीले यस फैसलालाई 'अन्यायपूर्ण' भनी अस्वीकार गरेका छन् र अपिल दायर गरिसकेका छन् । तर, अदालतका अनुसार अपराधको प्रकृति 'असाधारण रूपमा गम्भीर' भएकाले अपिलका बाबजुद उनलाई कारावास पठाउने निर्णय लिइएको हो । उनका वकिलहरूले जेल प्रवेशपछि तात्कालिक रिहाइको माग गर्ने जनाएका छन् ।


## ताजा-ताजा मासु तपाईंको घर आँगनमा

आउनुहोस् बिसमिल्लाह पोल्ट्रीमा

**हामी तपाईंकै सामुन्ने तपाईंले नै रोजेको लोकल कुखुरा, तित्रा, हाँस, टर्की, बन कुखुरा हामी तयार पारेर दिन्छौं ।**

◆ We Sell Natural Local Chicken ◆ We sell Hard Chicken, Soft chiciken, medium chicken and baby goat. ◆ We sell Duck, quail, chakker, Roosters, rabbit. ◆ We sell local Chicken, Eggs, Fresh Duck Eggs, Fresh Liver. ◆ We sell Fresh Goat's Leg. ◆ 3 hard chicken special - $ 19.99 ◆ We Accept EBT/Debit card/credit card.

लोकल भाले (Rooster) पोल्ने सानो-सानो
Coming soon live



स्वस्थ र राम्राराम्रा खसी पाइन्छ ।



**Bismillah Live Poultry**
*Certified by Shariah Board of USA*

37-15, 55th st, woodside, NY 11377
Ph: **(718) 205-7200, (917) 295-4011**

**विगतका कानुनी मुद्दाहरू**

पूर्व राष्ट्रपति सारकोजीले विगतमा पनि केही कानुनी चुनौतीहरूको सामना गरिसकेका छन् । एक मुद्दामा उनले एक न्यायाधीशबाट व्यक्तिगत फाइदा लिन खोजेको आरोपमा इलेक्ट्रोनिक निगरानीसहितको सजाय भोगेका थिए ।

हालको मुद्दामा सारकोजीमाथि लिबियाली नेतासँग सन् २००५ मा अवैध आर्थिक लेनदेनको षड्यन्त्रमा संलग्न भएको आरोप थियो । यद्यपि, अदालतले उनलाई चन्दा प्राप्त गरेको प्रमाण नपाएपछि त्यसमा सफाइ दिएको छ ।

**जनसमर्थन र परिवारको अभिव्यक्ति**

एक पछिल्लो सर्वेक्षणअनुसार, फ्रान्सका ६० प्रतिशत नागरिकहरूले अदालतको निर्णय उचित भएको बताएका छन् । यद्यपि, सारकोजी अझै पनि दक्षिणपन्थी समर्थकहरूबीच लोकप्रिय व्यक्तित्वका रूपमा रहेका छन् । उनका छोरा लुइस सारकोजीले सामाजिक सञ्जालमार्फत मंगलबार बिहान आफ्ना पिताको समर्थनमा घर अगाडि उपस्थित हुन आह्वान गरेका थिए ।

सन् २०१२ मा पुनः चुनाव हारेपछि सार्कोजीले कानुनी समस्याको सामना गर्नुपरेको छ । सार्कोजी अझै पनि फ्रान्सेली दक्षिणपन्थी धारको राजनीतिमा लोकप्रिय छन् ।

**सार्कोजी र म्याक्रोंबीच भेटवार्ताको खुलासा**

यसैगरी, जेल सजाय सुरु हुनुभन्दा केही दिनअघि गत हप्ता फ्रान्सका पूर्व राष्ट्रपति सार्कोजीले राष्ट्रपति इम्यानुएल म्याक्रोंलाई एलिसी प्यालेसमा भेटेको जानकारी प्राप्त भएको छ । 'सारकोजीलाई शुक्रबार भेट दिइएको थियो,' स्रोतले थप विवरण प्रदान नगरी जानकारी गराएको छ ।

सन् २००७ देखि सन् २०१२ सम्म फ्रान्सका राष्ट्रपति रहेका सार्कोजीलाई सेप्टेम्बरको अन्त्यतिर लिबियाका तानाशाह मोहमर गद्दाफीले निर्वाचन अभियानका लागि आर्थिक सहयोग गरेको आरोपमा आपराधिक षड्यन्त्र गरेको अभियोगमा दोषी ठहर गरिएको थियो ।

सन् २०१२ मा पुनः चुनाव हारेपछि सार्कोजीले कानुनी समस्याको सामना गर्नुपरेको छ । सार्कोजी अझै पनि फ्रान्सेली दक्षिणपन्थी धारको राजनीतिमा लोकप्रिय छन् । ■

New Dhaka Pharmacy
तपाईंको आफ्नै औषधि पसल

सेवाहरू
खोपहरू
होम डेलिभरीको व्यवस्था
अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयोग्य
मेडिकेयर
मेडिकेड
मुख्य मुख्य बिमाहरू लिइन्छ ।

फार्मेसी खुल्ने समय

| | |
|---|---|
| सोमबार | बिहान १०:३० देखि साँझ ७ बजेसम्म |
| मंगलबार | बिहान १०:३० देखि साँझ ७ बजेसम्म |
| बुधबार | बिहान १०:३० देखि साँझ ७ बजेसम्म |
| बिहीबार | बिहान १०:३० देखि साँझ ७ बजेसम्म |
| शुक्रबार | बिहान १०:३० देखि साँझ ७ बजेसम्म |
| शनिबार | बिहान ११ बजेदेखि साँझ ६ बजेसम्म |

new Dhaka Pharmacy

निशुल्क होम डेलिभरी तथा प्रेसक्रिप्सन पिकअप



Mahendra Khadka
Contact : +1 (929) 471-4741

7432 Broadway, Elmhurst, NY 11373
(Corner Broadway & 75th St.)

Tel: 718-426-4080
718-426-1213
sheezandrugs@gmail.com

# Gulshan Terrace

*Where memories are made...*

**BANQUET HALL**
**AFFORDABLE & LUXARIOUS**

**BOOK NOW**



## Our Service:

Wedding
Reception
Engagement
Baptism
Small or Large Event
Catering

CALL US
(929) 507-2877

59-15 37TH AVE, NEW YORK

# स्वच्छ ऊर्जामा कोसेढुङ्गा तर कोइलामै निर्भर भारत

**भारत समग्रमा कार्बन उत्सर्जनका लागि चीन र संयुक्त राज्य अमेरिकाभन्दा पनि पछि छ । यही कारणले भारत अझै पनि विश्वको तेस्रो ठूलो उत्सर्जक बनेको छ । तर, विश्लेषकहरूका अनुसार भारतको जनसंख्या १ अर्ब ४० करोड भए पनि प्रतिव्यक्ति उत्सर्जन विश्वव्यापी औसतको एक तिहाइ मात्रै हो ।**

नयाँदिल्ली । (एजेन्सी) । भारतले आफ्नो स्थापित ऊर्जा क्षमताको आधा हिस्सा गैर-जीवाश्म इन्धनबाट हासिल गरेर निर्धारित लक्ष्यभन्दा अघि महत्वपूर्ण कोसेढुङ्गा पूरा गरेको छ । तर, विश्वको तेस्रो सबैभन्दा ठूलो हरितगृह ग्यास उत्सर्जक भारत अझै पनि बिजुली उत्पादनका लागि कोइलामै गहिरो निर्भर छ ।

'यो भारतको ऊर्जा सङ्क्रमण यात्रामा ठूलो उपलब्धि हो', नवीकरणीय ऊर्जामन्त्री प्रह्लाद जोशीले जुलाईमा तथ्याङ्क सार्वजनिक गर्दै भने- 'यो उपलब्धि भारतले पेरिस सम्झौताअन्तर्गत लिएको सन् २०३० को लक्ष्यभन्दा पाँच वर्षअघि आएको हो । सन् २०७० सम्म शुद्ध-शून्य उत्सर्जनमा पुग्ने भारतको प्रतिबद्धताको दिशामा यो एक महत्वपूर्ण कदम हो ।'

तर जलवायु विज्ञ अवन्तिका गोस्वामीका अनुसार, ५० प्रतिशतको यो कोसेढुङ्गाले स्थापित क्षमता मात्र देखाउँछ, वास्तविक उत्पादन अझै पनि निकै कम छ । कारण स्पष्ट छ- हाल करिब तीन चौथाई बिजुली अझै पनि कोइला पावर प्लान्टबाट नै आउँछ ।

**कोइला विरोधाभास**

भारतको कोइलामाथि निर्भरता अझै पनि घटेको छैन । बरू, गत वर्षमा कोइला उत्पादन पाँच प्रतिशतले बढेको छ । कोइला मन्त्रालयले भनेको छ, 'कोइला अझै पनि अपरिहार्य छ ।'

यसले ऊर्जा सङ्क्रमणमा भारतका व्यावहारिक चुनौतीहरू देखाउँछ । नवीकरणीय ऊर्जामा तीव्र वृद्धि भए पनि भण्डारण क्षमताले माग धान्न सकेको छैन । मन्त्रालयका अनुसार कोइला क्षेत्र भारतको ऊर्जा मिश्रणमा प्रमुख योगदानकर्ता बनेको छ । यसले देशको ७४ प्रतिशतभन्दा बढी बिजुली आपूर्ति गर्छ र स्टिल तथा सिमेन्ट जस्ता प्रमुख उद्योगलाई पनि चलाइराख्छ ।



यो निर्भरताले भारतलाई विश्वव्यापी रूपमा चुनौतीपूर्ण स्थितिमा राख्छ । समग्रमा कार्बन उत्सर्जनका लागि यो मुलुक चीन र संयुक्त राज्य अमेरिकाभन्दा पछि छ । यही कारणले भारत अझै पनि विश्वको तेस्रो ठूलो उत्सर्जक बनेको छ । तर, विश्लेषकहरूका अनुसार भारतको जनसंख्या १ अर्ब ४० करोड भए पनि प्रतिव्यक्ति उत्सर्जन विश्वव्यापी औसतको एक तिहाइ मात्रै हो ।

सतत सम्पदा क्लाइमेट फाउन्डेसनका कार्यकर्ता हरजित सिंहका शब्दमा, 'प्रतिव्यक्ति उत्सर्जन हेर्दा भारतले अपेक्षाकृत राम्रो प्रगति गरिरहेको छ ।' भारतले सन् २०३० सम्ममा उत्सर्जन ४५ प्रतिशत घटाउने लक्ष्य लिएको छ । तर विज्ञान तथा वातावरण केन्द्रका अनुसार सन् २०४७ सम्ममा बिजुलीको माग दोब्बरभन्दा बढी हुने अपेक्षा गरिएको छ ।

**नवीकरणीय ऊर्जामा प्रगति**

भारतको ४८४.८ गिगावाट स्थापित क्षमतामध्ये आधा गैर-जीवाश्म इन्धन स्रोतबाट आएको छ । यसको सबैभन्दा ठूलो हिस्सा सौर्य ऊर्जाबाट छ । यो कुल ११९ गिगावाट छ जुन विश्वमै तेस्रो ठूलो हो । भारतले मरुभूमिमा विश्वकै सबैभन्दा ठूलो सौर्य र हावा ऊर्जा फार्म निर्माण गरिरहेको छ । यसपछि हाइड्रो, हावा र आणविक ऊर्जा छन् । तर, आणविक ऊर्जाको योगदान दुई प्रतिशतभन्दा कम छ ।

तर, समस्या के छ भने सौर्य र हावाबाट ऊर्जाको उत्पादन मौसमअनुसार मात्र स्थिर हुन्छ । भण्डारण क्षमता भने जम्मा ५०५ मेगावाट घण्टा छ । यो अपर्याप्त छ ।

मन्त्री जोशीका अनुसार, भारत हरेक वर्ष २५-३० गिगावाट नवीकरणीय क्षमता थप्दैछ । तर, भण्डारण क्षमता नभएसम्म हामी या त त्यो ऊर्जा बर्बाद गर्नेछौं वा नवीकरणीय घट्दा फेरि कोइलामै फर्कनुपर्नेछ ।

**चीनमाथि निर्भरता**

भण्डारणका लागि आवश्यक ब्याट्री उत्पादनमा दुर्लभ धातु चाहिन्छ । यो दुर्लभ धातुको ७० प्रतिशत आपूर्ति चीनले नियन्त्रण गरेको छ । हरजित सिंह भन्छन्, 'हामी अझै पनि चीनमाथि निर्भर छौं ।' यही कारणले चीनका विदेशमन्त्री वाङ यीले हालै नयाँदिल्ली आएर दुर्लभ धातुको आपूर्तिबारे छलफल गरेका थिए ।

भारतले अर्को विकल्पका रूपमा पम्प-हाइड्रो भण्डारण प्रणालीमा ध्यान दिइरहेको छ । यसमा अतिरिक्त ऊर्जा प्रयोग गरेर पानीलाई माथिल्लो जलाशयमा पम्प गरिन्छ र माग बढ्दा बिजुली उत्पादन गर्न सो पानी प्रयोग गरिन्छ ।

**आगामी बाटो**

तर, विशेषज्ञ गोस्वामी स्वच्छ ऊर्जामा सङ्क्रमणका लागि बहुआयामिक दृष्टिकोण आवश्यक रहेको बताउँछन् । उनका अनुसार, भारतको स्वच्छ ऊर्जामा रूपान्तरण बहुआयामिक हुनुपर्नेछ । कोइला प्लान्टको उत्सर्जन घटाउँदै, ग्रिडमा नवीकरणीय स्रोतलाई राम्रोसँग एकीकृत गर्न सके मात्र वास्तविक परिवर्तन सम्भव हुनेछ । ■

TaxRaja Management Associates, LLC

New Business Formation
Small Business Accounting
Business Valuation
Tax Problems
Non-Profit Organizations
Tax Planning
Tax Preparation
Bookkeeping Services
Cash Flow Management



*Income Tax, Accounting, IRS & NYS Tax Representation, Business Consulting and more.*

37-51 75th Street, 1FL
Jackson Hts, NY 11372
*(Near Chase Bank Between 37th Rd & 37th Ave)*

www.TaxRaja.com
Email: info@TaxRaja.com

Raj Biraj Rijal
CPA, CGMA, MBA, MSA

Tel: (718) 255-1009 Cell: (917) 292-4747

# GET PRE-QUALIFIED FOR A HOME LOAN TODAY!!

## Gadura Mortgage



VINEET GADURA, MBA

**PRESIDENT I NMLS 1859097**

**Office: (718)-640-0444**
**Call/Text: (718)-473-2687**

106-09 101 AVE
OZONE PARK NY 11416
WWW.GADURAMORTGAGE.COM




**MAKING HOMEOWNERSHIP A REALITY, ONE MORTGAGE AT A TIME.**
**Registered Mortgage Broker - All Loans Arranged by a Third Party NMLS 1501434**

## TA ANCHOR INSURANCE

Licensed by NY & NJ Insurance Department

Specialized in Taxi & Limousine Insurance

Representing Best Rated Insurance Companies

LIMO + LUXURY BASIS LIABILITY LIMITS UP TO 1.5 MILLION

**LIVERY & AMBULLETE INSURANCE**
**TLC RENTAL PLATES**
**TLC & DMV APPOINTMENT**
**DRIVERS DEFENSIVE COURSE CERTIFICATE**

Specialized services for fleets & Corporations

ONLINE AND ZELLE PAYMENTS AVAILABLE
TLC CLASSES COMING SOON
WHEELCHAIR ACCESSIBLE POLICIES
ACCIDENT CLAIMS



E-mail: Taanchorinc@gmail.com | www.taanchorinsurance.com

**Phone number: 718-786-6227**

**100-11 Astoria Blvd East Elmhurst, NY 11369 next to Dunkin Donuts**




# IMMIGRATION

आफ्नै भाषा बोल्ने
अनुभवी र भरपर्दो
कानूनी सल्लाहकार

More than 2 Decades of Extensive Experience in U.S. Immigration Law

**Call Us !** (212) 625-3394
Ramesh K. Shrestha, Esq.

## Our practice areas include:

- Business immigration
- (Employment/Investment)
- Family and Fiance immigration
- Naturalization
- Asylum
- Deportation/Removal Defense
- Federal Litigation
- U,T,P,O Visas, I-601/I-601A Waivers & more
- NY Divorce
- Business/Real-Estate matters

**SHRESTHA LAW FIRM, PLLC**

377 Broadway, Suite 801, New York, NY 10013
Tel. (212) 625-3394 | Fax: (212) 431-4460
info@shresthalaw.com
www.shresthalaw.com



SINCE 2009
NY INSTITUTE OF MEDICAL CAREERS

# New York Institute of Medical Careers

Educating New York Since Last 16 Years

| Pharmacy Technician | |
|---|---|
| Program Hrs | 130 |
| School Tuition | $789 |
| Registration Fee | $60 |
| TOTAL | $849 |

| EKG & Phlebotomy Technician | |
|---|---|
| Program Hrs | 120 |
| School Tuition | $770 |
| Registration Fee | $60 |
| TOTAL | $830 |

| EKG Technician | |
|---|---|
| Program Hrs | 60 |
| School Tuition | $435 |
| Registration Fee | $40 |
| TOTAL | $475 |

| Phlebotomy Technician | |
|---|---|
| Program Hrs | 60 |
| School Tuition | $435 |
| Registration Fee | $40 |
| TOTAL | $475 |

Easy Payment Plans (Weekly Payments)
Job Placement Assistance
On Site State Examinations
Weekdays and Weekend Schedules

Licensed by
**NY State Education Department**

67-09 Woodside Ave, 1st Floor, Woodside, NY 11377
Ph: 718-565-9500 or 718-565-9501 Fax: 718-928-9939 Text: 718-501-9240
Website: www.nyimc.com Email: education@nyimc.com